प्यूठान नगरपालिकाको १७ औं नगरसभाको बैठक मिति २०८१ साल असार १० गते सोमवारका दिन प्यूठान नगरपालिकाको कार्यालय बिजुवार प्यूठानमा नगर सभाका अध्यक्ष श्री विष्णु वहादुर योगी ज्यूको अध्यक्षता र निम्न उपस्थितिमा वसी निम्न अनुसारको निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विष्णु वहादुर योगी | नगर प्रमुख | |
| २ | श्री देवेन्द्र वर्मा | नगर उप प्रमुख | |
| ३ | श्री साधना रावत | वडा अध्यक्ष | |
| ४ | श्री मोहन सिंह विष्ट | वडा अध्यक्ष | |
| ५ | श्री सुमन श्रेष्ठ | वडा अध्यक्ष | |
| ६ | श्री रेशम वहादुर कार्की | वडा अध्यक्ष | |
| ७ | श्री नन्दे पुन मगर | वडा अध्यक्ष | |
| ८ | श्री नरेन्द्र पुन | वडा अध्यक्ष | |
| ९ | श्री नेत्र वहादुर के.सी. | वडा अध्यक्ष | |
| १० | श्री पदम वहादुर थापा | वडा अध्यक्ष | |
| ११ | श्री विकास के.सी. | वडा अध्यक्ष | |
| १२ | श्री लोक वहादुर के.सी. | वडा अध्यक्ष | |
| १३ | श्री गायत्री रावत | कार्यपालिका सदस्य | |
| १४ | श्री गिता भण्डारी | कार्यपालिका सदस्य | |
| १५ | श्री दुर्गा के.सी. | कार्यपालिका सदस्य | |
| १६ | श्री शान्ता खड्का मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री लाली घर्ति मगर | कार्यपालिका सदस्य | |
| १८ | श्री काली वहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री सुनिल सापकोटा | कार्यपालिका सदस्य | |
| ० | श्री मिन वहादुर सार्की | कार्यपालिका सदस्य | |
| १ | श्री उषा सुनार | वडा सदस्य | |

| | | | |
|---|---|---|---|
| २२ | श्री धम वहादुर खड्का | वडा सदस्य | |
| २३ | श्री भुवनेश्वर लम्साल | वडा सदस्य | |
| २४ | श्री पवित्रा अधिकारी नेपाली | वडा सदस्य | |
| २५ | श्री नर वहादुर पोख्रेल | वडा सदस्य | |
| २६ | श्री मोहन विष्ट | वडा सदस्य | |
| २७ | श्री मिन वहादुर खड्का | वडा सदस्य | |
| २८ | श्री सरिता सुनार | वडा सदस्य | |
| २९ | श्री जगत वहादुर सुनार | वडा सदस्य | |
| ३० | श्री माया वि.क. गहतराज | वडा सदस्य | |
| ३१ | श्री टिका वहादुर खत्री क्षेत्री | वडा सदस्य | |
| ३२ | श्री खडक वहादुर राना मगर | वडा सदस्य | |
| ३३ | कल्पना वि.क. | वडा सदस्य | |
| ३४ | श्री रुकमान पुन मगर | वडा सदस्य | |
| ३५ | श्री चुडामणी थापा क्षेत्री | वडा सदस्य | |
| ३६ | श्री इमान सिँह पुन मगर | वडा सदस्य | |
| ३७ | श्री बविता भण्डारी | वडा सदस्य | |
| ३८ | श्री दुर्गा पुन मगर | वडा सदस्य | |
| ३९ | श्री कमला कामी | वडा सदस्य | |
| ४० | श्री तुलसा नेपाली | वडा सदस्य | |
| ४१ | श्री वसन्ता के.सी. | वडा सदस्य | |
| ४२ | श्री वेगम वहादुर थापा | वडा सदस्य | |
| ४३ | श्री ध्रुव कुमार थापा | वडा सदस्य | |
| ४४ | श्री लिला देवी थापा | वडा सदस्य | |
| ४५ | श्री दुर्गा सुनार | वडा सदस्य | |
| ४६ | श्री भुपेन्द्र थापा | वडा सदस्य | |

| | | | |
|---|---|---|---|
| ४७ | श्री ठाकुर पुन | वडा सदस्य | |
| ४८ | श्री भरत वस्नेत | वडा सदस्य | |
| ४९ | श्री उषा सार्की | वडा सदस्य | |
| ५० | श्री कृष्ण वहादुर जि.सी. | वडा सदस्य | |
| ५१ | श्री निशा रोका मगर | वडा सदस्य | |
| ५२ | श्री कुन्ता सुनार | वडा सदस्य | |
| ५३ | श्री तेज वहादुर खड्का | वडा सदस्य | |
| ५४ | श्री राज कुमार थापा | वडा सदस्य | |
| ५५ | श्री नारायण प्रसाद भण्डारी | सचिव | |

CamScanner

अनुसुची-१

(कार्यविधीको दफा ७ को उपदफा (१) संग सम्बन्धित)

प्यूठान नगरपालिका

१७ औं नगर सभा

**कार्यसूची र समय तालिका**

**बैठक संख्या-१**

**बैठक स्थान:- प्यूठान नगरपालीकाको कार्यलय केन्द्रको सभाहल विजुवार,प्यूठान ।**

**अध्यक्षता:- विष्णु बहादुर योगी** (नगर प्रमुख)

| मिति | समय | कार्यसूची | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१/०३/१० | ११:१५ | अध्यक्षता, शुभारम्भ,शहिदहरु प्रति मौन धारण र कार्यसूची प्रस्तुतं | सभाध्यक्ष | |
| २०८१/०३/१० | ११:३० | नीति तथा कार्यक्रम पेश | सभाध्यक्ष | |
| २०८१/०३/१० | १२:०० | नीति तथा कार्यक्रम उपर धारणा पेश | सभाका सदस्यहरु | |
| २०८१/०३/१० | १२:१५ | नीति तथा कार्यक्रम निर्णयार्थ पेश | सभाध्यक्ष | |
| २०८१/०३/१० | १२:३० | आर्थिक ऐन सभामा पेश | नगर उप प्रमुख | |
| २०८१/०३/१० | ०१:०० | आर्थिक ऐन उपर धारणा पेश | नगर उप प्रमुख | |
| २०८१/०३/१० | ०१:३० | आर्थिक ऐन पारितका लागि निर्णयार्थ पेश र पारित | सभाध्यक्ष | |
| २०८१/०३/१० | ०१:४५ | नगरसभाका विविध निर्णय सभामा पेश | सुशासन तथा संस्थागत क्षमता विकास समिति संयोजक | |
| २०८१/०३/१० | ०२:०० | नगरसभाका विविध निर्णयहरु अनुमोदनका लागि पेश | सभाध्यक्ष | |
| २०८१/०३/१० | ०१:४५ | बजेट तथा कार्यक्रम सभामा पेश | नगर उप प्रमुख | |
| २०८१/०३/१० | ०२:०० | दोश्रो बैठकको मिति तोकी बैठक समापन | सभाध्यक्ष | |

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

# प्यूठान नगरपालीकाको आर्थिक ऐन २०८१/०८२

प्यूठान नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन।

प्रस्तावना प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम प्यूठान नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम आर्थिक ऐन २०८१/०८२ रहेको छ।

(२) यो ऐन २०८१ साल श्रावण १ गते देखी प्यूठान नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. यस नगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर तथा घर जग्गा मालपोत कर लगाईने र असुल उपर गरिनेछ।

३. घर वहाल कर : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाईने र असुल उपर गरिनेछ।

४. व्यवसाय कर : नगरपालिका क्षेत्रभित्र उद्योग, व्यापार, व्यवसाय वा सेवामा पुजीगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ।

प्राईभेट फर्म नविकरण गर्दा नविकरण नविकरण म्याद सकिएको ३ महिना भित्र नविकरण गरिसक्नु पर्नेछ। त्यस अवधिमा नविकरण नगरेमा सालबसाली अनुसूचिमा तोकिए बमोजिमको जरिवाना शुल्क लाग्नेछ।

५.जडीबुटी, कवाडी र जीवजन्तु कर : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीव जन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (४) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

६. सवारी साधन कर : नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ।

७. विज्ञापन कर : नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। उक्त विज्ञापन कर कुनै विज्ञापन एजेन्सी लाई वार्षिक सोझै खरीद गरी ठेक्कामा उठाउन दिन सकिनेछ। ठेक्का १ वर्षको लागी हुनेछ।

८.मनोरञ्जन कर : नगरपालिका क्षेत्रभित्र हुने मनेरञ्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम मनोरञ्जन कर लगाईने र असुल उपर गरिनेछ।

९. बहाल बिटौरी शुल्क : नगरपालिका क्षेत्रभित्र आफुले निर्माण ,रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ।



प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CamScanner

१०. पार्किङ शुल्क : नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ।

११. सेवा शुल्क, दस्तुर : नगरपालिकाले निर्माण ,संञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१०) मा उल्लेखित स्थानिय पुर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

१२. पर्यटन शुल्क : नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (११) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१३. कर छुट : कोभिड-१९ को कारणले थलिएको उद्योग व्यवसाय क्षेत्रमा पछिल्लो समय बैंक तथा वित्तीय संस्थाहरुको चर्को व्याजदर बृद्धीको कारणले आयकर, मु.अ.कर, अन्तशुल्क र स्थानीय तहले लगाउने व्यवसाय कर तिर्न कठिन भएको सन्दर्भमा उद्योग व्यवसाय हरुले तिर्नुपर्ने आ.व. २०८०/०८१ सम्मको विलम्ब शुल्क मिनाहा गर्ने। यस बाहेक ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन। सम्पत्ति कर लिँदा प्यूठान नगर क्षेत्रको मोटरबाटोको दाँयाबाँयाको मूल्यांकनको हकमा बाटोमा परेको तर भिर काल्नो, खन्यान जगाको हकमा जगाको किसिम अनुसार कर लिने व्यवस्था गरिनेछ। नगर क्षेत्र भित्र व्यक्तिको नाममा रहेको तर खोला हिडेको जगाको मालपोत मूल्यांकनमा ९० प्रतिशत घटाई कर लिने व्यवस्था गरिनेछ। महिला, दलित, अपांग र द्धन्द पिडितहरुको उद्योगमा ५०% पचास प्रतिसत कर छुट दिइनेछ।

१४. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ।

१५. कर फिर्ता सम्बन्धी व्यवस्था :– करदाताले यस ऐन बमोजिम कर बुझउदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेमा बढी दाखिला भएको रकम फिर्ता माग गर्न सक्ने छ।

१६.विविध : प्यूठान नगरपालिका बाहिरका स्थानीय तहहरु वा निकायहरुमा दर्ता भएका घ वर्गका निर्माण व्यावसायीहरुको स्थायी ठेगाना प्यूठान नगरपालिका क्षेत्रभित्र रहि पहिले दर्ता गरेको स्थानीय तह वा निकायले यस नगरपालिकामा इजाजतपत्र नवीकरण गर्न सिफारिस गरेमा वा व्यावसायीले यस नगरपालिकामा इजाजतपत्र नवीकरण गर्न वा दर्ता गर्न चाहेमा शुरुको वर्षको लागि रु ३०,०००।- नवीकरण दस्तुर र बाँकी बर्षको लागि आर्थिक ऐन बमोजिमको नवीकरण दस्तुर र व्यावसायकर लिएर प्रमुख प्रशासकीय अधिकृतले नवीकरण गर्न सक्ने। कर सम्वन्धी कुनै विवाद उत्पन्न भयमा त्यस्को अन्तिम निर्णय नगरसभाले मात्र गर्न सक्नेछ।

पुनस्च : अनुसूचीमा उल्लेख भए वमोजिम वजार क्षेत्र भन्नाले प्यू न.पा. क्षेत्र भित्र को भालुवाङ प्यूठान सडकले छोएको चेरनेटादेखि दम्ती सम्म र वाग्दुलादेखि मरन्ठाना सम्म मोटर बाटोका दायाँ वायाँका वस्ती र यि वाहेकका अन्य क्षेत्रलाई वजार उन्मुख क्षेत्र मानिने छ ।

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

## अनुसूची १
## सम्पत्ति करको दर बिवरण
## प्यूठान नगरपालीका (आ.व.२०८१/०८२)

| क्र.सं | देखी | सम्म | कर निर्धारण |
|---|---|---|---|
| १ | रु एक | रु तिन लाख | ७५ |
| २ | रु तिन लाख एक | रु छ लाख | १५० |
| ३ | रु छ लाख एक | रु दश लाख | २१० |
| ४ | रु दश लाख एक | रु तेह लाख | ३०० |
| ५ | रु तेह लाख एक | रु सोह लाख | ३६० |
| ६ | रु सोह लाख एक | रु बिस लाख | ४२० |
| ७ | रु बिस लाख एक | रु तेईस लाख | ६०० |
| ८ | रु तेईस लाख एक | रु छव्विस लाख | ८४० |
| ९ | रु छव्विस लाख एक | रु तिस लाख | ९६० |
| १० | रु तिस लाख एक | रु पैतिस लाख | १४४० |
| ११ | रु पैतिस लाख एक | रु चालिस लाख | १८०० |
| १२ | रु चालिस लाख एक | रु पैतालिस लाख | २१६० |
| १३ | रु पैतालिस लाख एक | रु पचास लाख | २५२० |
| १४ | रु पचास लाख एक | रु साठि लाख | ४२०० |
| १५ | रु साठि लाख एक | रु सत्तरी लाख | ५४०० |
| १६ | रु सत्तरी लाख एक | रु असी लाख | ६६०० |
| १७ | रु असी लाख एक | रु नव्वे लाख | ७८०० |
| १८ | रु नव्वे लाख एक | रु एक करोड | ९००० |
| १९ | रु एक करोड एक | रु एक करोड विस लाख | १४४०० |
| २० | रु एक करोड विस लाख एक | रु एक करोड चालिस लाख | १६८०० |
| २१ | रु एक करोड चालिस लाख एक | रु एक करोड साठी लाख | १९२०० |
| २२ | रु एक करोड साठी लाख एक | रु एक करोड असी लाख | २१६०० |
| २३ | रु एक करोड असी लाख एक | रु दूई करोड | २४००० |
| २४ | रु दूई करोड एक | रु दूई करोड पचास लाख | ३०००० |
| २५ | रु दूई करोड पचास लाख एक | रु तिन करोड | ३४८०० |
| २६ | रु तिन करोड एक | रु तिन करोड पचास लाख | ३९६०० |
| २७ | रु तिन करोड पचास लाख एक | रु चार करोड | ४४४०० |



प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CamScanner

| | | | |
|---|---|---|---|
| २८ | रु चार करोड एक | रु चार करोड पचास लाख | ४९२०० |
| २९ | रु चार करोड पचास लाख एक | रु पाच करोड | ५४००० |
| ३० | रु पाच करोड एक | वा सो भन्दा माथी | रु २.४ प्रति हजार |

श्रावण देखि आश्विन सम्म बुझाएमा १० प्रतिशत छुट र एक आर्थिक बर्ष भित्र नबुझाएमा वार्षिक २० प्रतिशतले जरिवाना जोडिदै जानेछ।

## अनुसूची २

| बहाल कर | सहरी क्षेत्र | बजार उन्मूख क्षेत्र |
|---|---|---|
| सम्पुर्ण प्रकारको वहाल कर | प्रतिसयकडा १० प्रतिशत | प्रतिसयकडा १० प्रतिशत |
| जग्गा लिज कृषि प्रयोजन | प्रतिसयकडा ५ प्रतिशत | प्रतिसयकडा ५ प्रतिशत |

## अनुसूची ३

| १. व्यापारिक बस्तू | आ.व. २०८१/०८२ मा लगाईने कर शुल्क र महशुलको दर | |
|---|---|---|
| | सहरी क्षेत्र | बजार उन्मूख क्षेत्र |
| १. कम्प्यूटर | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| १.१ कम्प्युटर थोक विक्री केन्द | २००० | १००० |
| १.२ कम्प्युटर फूटकर विक्री केन्द | १००० | ७०० |
| १.३ कम्प्युटर मर्मत केन्द्र | ७०० | ५०० |
| २. मोवाइल | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| २.१ मोवाइल थोक विक्री केन्द | २००० | १००० |
| २.२ मोवाइल फूटकर विक्री केन्द | १००० | ७०० |
| २.३ मोवाइल मर्मत केन्द्र | ७०० | ५०० |
| ३. सोलार सिस्टम (पाता, इनभर्टर ,व्याट्रि लगायत ) विक्रि तथा जडान | २००० | १००० |
| ४. अन्य इलेक्ट्रोनिक्स तथा विद्युतिय सामाग्री | | |
| ४.१ थोक विक्रेता | २००० | १००० |
| ४.२ फूटकर विक्रेता | १००० | ७०० |



प्युठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CamScanner

| | | |
|---|---|---|
| ४.३ मर्मत सम्वन्धी कार्य | ७०० | ५०० |
| ५. फर्निचर तथा फर्निसिंग सामानहरु | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| ५.१ थोक विक्रेता | ५००० | १५०० |
| ५.२ फूटकर विक्रेता | ३००० | १५०० |
| ६. निर्माण सामाग्री / हार्डवेयर सामान | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| ६.१ एक करोड भन्दा बढी कारोबार भएमा | ७००० | ३००० |
| ६.२ रु करोड सम्मका लागी | ४००० | २००० |
| ७. कांचो कपडा तथा फेन्सी पसल | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| ७.१ थोक विक्रेता | २५०० | १५०० |
| ७.२ फूटकर विक्रेता | १५०० | ७०० |
| ८. खाद्यान्न तथा दैनिक उपभोग्य वस्तूहरु (किराना ) | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| ८.१ थोक विक्रेता | १५०० | १००० |
| ८.२ फूटकर विक्रेता | १००० | ७०० |
| ८.३ ढ्याब्रीको हकमा | ५०० | ३०० |
| ९.विलासिताका वस्तूहरु | | |
| ९.१ गिफ्ट हाउस | १००० | ५०० |
| ९.१ व्यूटिपालर, कस्मेटिक सहित ठूलो | १००० | ५०० |
| ९.२ व्युटिपार्लर/कस्मेटिक सानो पसल | ७०० | ३०० |
| ९.३ सैलून | १००० | ७०० |
| १०. सुन चांदि व्यवसाय | | |
| १०.१ थोक विक्रेता | १०,००० | ७००० |
| १०.२ फूटकर विक्रेता | २००० | १००० |
| ११. गहना मर्मत | १००० | ७०० |
| १२. ग्यांस वेल्डिङ | १००० | १००० |
| १३. चूरोट/मदिरा व्यवसाय कर | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| १३.१ चूरोट मदिरा डिलर (रु १ करोड माथी ५०००) | ४००० | ३००० |
| १३.२ सूर्तिजन्य /मदिरा थोक विक्रेता | ३००० | २००० |
| १३.३ सूर्तिजन्य / मदिरा फूटकर विक्रेता | १५०० | १००० |
| १४. अर्डर एण्ड सप्लयार्स ( कर चूक्ताको आधारमा) वा व्यवसायको प्रकृतीको आधारमा | | |
| १४.१ वार्षिक कारोवारको ८० लाख भन्दा माथि | १०००० | ५००० |
| १४.२ ३० देखी ८० लाख सम्म | ८००० | ४००० |
| १४.३ १५ देखि ३० लाख सम्म | ६००० | ३००० |
| १४.४ ५ देखि १५ लाख सम्म | ४००० | २००० |



प्युठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

| | | |
|---|---|---|
| १४.४ ५ लाख भन्दा तल | २००० | १००० |
| १५. विशेषज्ञ परामर्स तथा व्यावसायिक सेवा | | |
| १५.१ डाक्टर | २००० | १५०० |
| १५.२ कविराज | ७५० | ५०० |
| १५.३ इन्जिनियर | १००० | ७५० |
| १५.४ लेखापढि व्यवसायी | १००० | १००० |
| १५.५ अधिवक्ता नोटरी पब्लिक समेत भएको | १००० | १००० |
| १६. स्थानीय भवन निर्माणकर्मी | ५०० | ५०० |
| १७. लेखा परिक्षक | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| १७.१ क वर्ग | ४००० | ४००० |
| १७.२ ख वर्ग | ३००० | ३००० |
| १७.३ ग वर्ग | २००० | २००० |
| १७.घ वर्ग | १००० | १००० |
| १८. दन्त चिकित्सक | २००० | १००० |
| १९. अनुसन्धानकर्ता तथा परामर्शदाता | २००० | १५०० |
| २०. कम्प्युटर एनालिष्ट तथा प्रोगामर | १००० | ७०० |
| २१. सर्भेयर | १००० | ४०० |
| २२. अनुवादक | १००० | ७०० |
| २३. पशु चिकित्सक | १००० | ५०० |
| २४. विमा एजेण्ट | १००० | ७०० |
| २५. पुल हाउस | १००० | ७५० |
| २६. सामान ढुवानीकर्ता व्यक्ति तथा कम्पनी | २००० | २००० |
| २७. सिमेन्ट व्लक उद्योग | २००० | २००० |
| २८. निर्माण व्यवसाय : नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसाय | व्यवसायकर | लाईसेन्स नविकरण दस्तूर |
| २८.१ क वर्ग | ७५०० | ३५०० |
| २८.२ ख वर्ग | ५५०० | ३५०० |
| २८.३ ग वर्ग | ४५०० | ३५०० |
| २८.४ घ वर्ग | ४००० | ३५०० |
| २८.५ कर, चुक्ता ० प्रतिशतलाई) | ० | ३५०० |
| २८.६ नया फर्म अनुमति दस्तूर | २५००० | |
| आश्विन मसान्तभित्र नविकरण नगर्ने फर्मको हकमा चैत्र मसान्तसम्म दोबर दस्तुर लाग्ने र चैत्र मसान्त पछि फर्म नविकरण गर्न रु ३०,००० लाग्नेछ। | | प्यूठान नगरपालीका भित्र |



प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

| | | |
|---|---|---|
| २९ उत्पादनमूलक उद्योग | | |
| २९.१ कोरा माल वा अर्ध प्रसोधित माल वा खेर गै रहेको मालसामानको वा अन्य मालसामानको प्रयोग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने उद्योग व्यवसाय( महिला, दलित,अपाङगको हकमा ५० प्रतिशत् छूट ) | ३००० | २५०० |
| २९.२ चाउमिन उद्योग | १००० | १००० |
| २९.३ कापि उद्योग | ५००० | ४००० |
| २९.४ बोरा उद्योग | ३००० | २५०० |
| २९.५ पाउरोटी उद्योग | १००० | १००० |
| २९.६ गार्मेन्ट उद्योग | ५००० | ४००० |
| २९.७ कूटानी पिसानी पिलनी मिल उद्योग | २००० | १५०० |
| २९.८ कूटानी पिसानी मात्र | १५०० | १००० |
| २९.९ टेलर | | |
| २९.१० सटिंङ्ग सूटिङ्ग सहितको (ठूलो ) कपडा सहित) | ३००० | २००० |
| २९.११ सटिंङ्ग सूटिङ्ग बाहेकको (सानो / साधारण ) | १००० | ७०० |
| २९.१२ साबुन उद्योग | १००० | ७०० |
| २९.१३ दालमोट उद्योग | १००० | ७०० |
| २९.१४ खेलौना | १००० | ७०० |
| २९.१५ जुत्ता निर्माण तथा मर्मत उद्योग | १००० | ७०० |
| २९.१६ मैनवत्ति उद्योग | ५०० | ३०० |
| २९.१७ अन्य | २००० | १५०० |
| ३०. कृषि, बन, वनजन्य तथा जडिबूटी उद्योग | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| ३०.१ अगरवत्ति उद्योग | ५०० | ३०० |
| ३०.२ डेरि उद्योग | १५०० | १००० |
| ३०.३ स मिल | ५००० | ३००० |
| ३०.४ फर्निचर उद्योग | २००० | १५०० |
| ३०.५ ढुगां/ सिलेट | ५०० | ३०० |
| ३१. उर्जामुलक उद्योगहरु | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| ३१.१ जलश्रोतबाट उर्जा उत्पादन गर्ने उद्योग | १०००० | १०००० |
| ३१.२ वायु, सौर्य, प्राकृतिक तेल, कोइला, वायोग्यास आदिबाट उर्जा पैदा गर्ने उद्योग | ५००० | ५००० |
| ३२. पर्यटन उद्योग | | |
| ३३. होटल, लज तथा रेस्टूरेन्ट व्यवसाय | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |



प्युठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

| | | |
|---|---|---|
| ३३.१ होटल एण्ड लज | | |
| ३३.१.१ क श्रेणी ( ए.सि., एटेज बाथरुम, तालिम हल, टि.भि.को सुविधा युक्त) | १५००० | १०००० |
| ३३.१.२ ख श्रेणी (एटेज बाथरुम, टि.भि.को सुविधा युक्त) | ५००० | ५००० |
| ३३.१.३ ग श्रेणी (साधारण होटल एण्ड लज ) | २००० | १५०० |
| ३३.१.४ रेष्टुरेन्ट तथा चमेना गृह | १५०० | १००० |
| ३३.१.५ साना चिया खाजा होटल | १००० | ५०० |
| ३३.१.६ साना चिया खाजा होटल(घुम्ती पसल) | ५०० | ३०० |
| ३४. सेवा उद्योग | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| ३४.१ छापाखाना / अफसेट प्रेस | ५००० | ५००० |
| ३४.२ स्किन प्रिन्ट | १५०० | १००० |
| ३४.३ फ्लेक्स प्रिन्ट | ३००० | २००० |
| ३४.४ प्रयोगशाला / ल्याव | १००० | ७०० |
| ३४.५ फोटोग्राफी / फोटोकपी , | ७०० | ५०० |
| ३४.६ शित भण्डार | ५००० | ३००० |
| ३५. संचार सेवा | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| ३५.१ नीजि क्षेत्रका टेलिफोन फ्याक्स सेवा फोटोकपी मोवाइल फोन आइ एस डी एस टि डि इमेल इन्टरनेट, रेडियो पेजिङ आदी | १५०० | १००० |
| ३५.२ कूरियर सेवा | १५०० | १००० |
| ३५.३ रिजार्ज कार्ड थोक विक्रेता | २००० | २००० |
| ३५.४ टेलिफोन सेवा | | |
| ३५.५ नीजि क्षेत्रबाट संचालित टेलिफोन सेवा प्रदायक कम्पनी ( शाखा / सेवा संचालन ) | १०००० | १०००० |
| ३५.६ व्यवसायमूलक टावर संचालन (विद्यूत, टेलिकम, हेल्लो, यूटियल लगायत) टावर निर्माण गर्दा तपशिल बमोजिमको दस्तूर लाग्ने छ । | | |
| ३५.६.१ १० फिट सम्म | ५००० | ५००० |
| ३५.६.२ ११ देखी २० फिट सम्म | १०००० | १०००० |
| ३५.६.३ २१ देखी ३० फिट सम्म | १५००० | १५००० |
| ३५.६.४ ३१ देखी ४० फिट सम्म | २०००० | २०००० |
| ३५.६.५ ४१ देखी ५० फिट सम्म | २५००० | २५००० |
| ३५.६.६ ५० फिट भन्दा माथि | ३५००० | ३५००० |
| ३५.७ इन्टरनेट सेवा प्रदायक कम्पनी | १०००० | ७००० |
| ३५.८ पत्रपत्रिका | १००० | १००० |



प्युठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्युठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CamScanner

| | | |
|---|---|---|
| ३५.९ स्थानीयस्तरबाट प्रशारित टेलिभिजन | २००० | २००० |
| ३५.१० एफ.एम. रेडियो | | |
| ३५.१०.१ २५० वाट क्षमता सम्म | १५०० | १५०० |
| ३५.१०.२ २५० देखी ५०० वाट सम्म | २००० | २००० |
| ३५.१०.३ ५०० देखी माथि | २५०० | २५०० |
| ३६. शिक्षा सेवा | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| ३६.१ निजि स्कुल क्याम्पस स्थापनार्थ सिफारिस दस्तुर | ५००० | ३००० |
| ३६.२ निजि स्कुल क्याम्पसको तथा सैक्षिक संस्थाको व्यवसाय कर | | |
| ३६.२.१ निजि आधारभूत | २००० | १५०० |
| ३६.२.२ निजि मा.वि. | ४००० | ३००० |
| ३६.२.३ निजि विद्यालयको कक्षा वृद्धी अनुमति शुल्क | ५००० | ५००० |
| ३६.२.४ निजि क्याम्पस | ५००० | ३००० |
| ३६.३ तालिम अनुसन्धान,सिप विकास अनूसन्धान केन्द्र | ३००० | २५०० |
| ३६.४ कम्प्युटर इन्स्टिच्युड तथा भाषा प्रशिक्षण संस्था | २००० | १५०० |
| ३६.३ निजि विद्यालय कक्षा थप अनुमति | | |
| ३६.३.१ प्रति कक्षा थप | ५००० | ५००० |
| ३६.४ ग्रेड सिट सच्चाउनको लागि | २०० | २०० |
| ३६.५ पुनर्योग (प्रति विषय) | १०० | १०० |
| ३७. ट्युसन तथा कोचिङ्ग सेन्टर | | |
| ३७.१ मा.वि. तह सम्म | १००० | ७०० |
| ३७.२ मा.वि. तह भन्दा माथि | १५०० | १००० |
| ३७.३ तयारी कक्षा (विभिन्न आयोग तथा परिक्षा) | २००० | १५०० |
| ३८. वित्तिय सेवा | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| ३८.१ विदेसी मूद्रा सटही गर्ने कम्पनी / शाखा | २००० | १५०० |
| ३८.२ मनि ट्रान्फर सम्वन्धी कार्य / रेमिट्यान्स कम्पनी / शाखा | ३००० | २००० |
| ३८.३ धितोपत्र सम्वन्धी कारोवार गर्ने कम्पनी / शाखा | २००० | १५०० |
| ३८.४ विमा कम्पनी | ५००० | ५००० |
| ३८.५ सहकारी बैंक | ३००० | ३००० |
| ३८.६ नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तिय संस्था तथा तिनका शाखा कार्यालयहरु : | | |
| ३८.६.१. क वर्ग (वाणिज्य बैंकहरु) | २५००० | २५००० |
| ३८.६.२. ख वर्ग (विकास बैंकहरु) | १५००० | १५००० |



नगरपालिका कार्यालय

नगर प्रमुख

| | | |
|---|---|---|
| ३८.६.३. ग वर्ग (वित्त कम्पनीहरु) | १०००० | १०००० |
| ३८.६.४. घ वर्ग (लघु वित्त कारोबार गर्ने वित्तिय संस्था | ८००० | ५००० |
| ३८.६.५. सहकारी वचत तथा ऋण परिचालन गर्ने (लेखापरिक्षण प्रतिवेदनको आधारमा ) | | |
| ३८.६.५.१ वार्षिक २० करोड देखि माथिको कारोबार भएका सहकारीहरु | ७००० | ७००० |
| ३८.६.५.२ वार्षिक १० करोड देखि २० करोड सम्मको कारोबार भएका सहकारीहरु | ६००० | ६००० |
| ३८.६.५.३ वार्षिक ५ करोड देखि १० करोड कारोबार भएका सहकारीहरु | ५००० | ५००० |
| ३८.६.५.४ वार्षिक ३ करोड देखि ५ करोड सम्मको कारोबार भएका सहकारीहरु | ४००० | ४००० |
| ३८.६.५.५ वार्षिक १ करोड देखि ३ करोड सम्मको कारोबार भएका सहकारीहरु | ३००० | ३००० |
| ३८.६.५.६ वार्षिक ५० लाख देखि १ करोड सम्मको कारोबार भएका सहकारीहरु | २००० | २००० |
| ३८.६.५.७ वार्षिक ५० लाख देखि तलको कारोबार भएका सहकारीहरु | १००० | १००० |
| ३९. स्वास्थ्य सेवा : | सहरी क्षेत्र | वजार उन्मुख क्षेत्र |
| ३९.१ निजि अस्पताल | ७००० | ५००० |
| ३९.२ नसिंङ होम / पोलिक्लिनिक | ५००० | ५००० |
| ३९.३ क्लिनिक तथा ल्याव (डेन्टल सहित) | ३००० | १००० |
| ४०. औषधी व्यवसाय | | |
| ४०.१ डिलर/थोक | ५००० | ४००० |
| ४०.२ खूद्रा/फूटकर | २००० | १००० |
| ४१. मर्मत सम्भार सेवा : | सहरी क्षेत्र | वजार उन्मुख क्षेत्र |
| ४१.१ हेभि इक्यूवमेन्ट (बस, ट्रक आदी ) | ३००० | २००० |
| ४१.२ हलूका इक्यूवमेन्ट (कार, जिप, टयाक्सी आदी ) | २००० | १५०० |
| ४१.३ साइकल, रेडियो, टि.भि., प्रेसरकूकर, हिटर, टेलिफोन सेट इत्यादी मर्मत | ५०० | ३०० |
| ४१.४ टायर सिसोलिंङ | २००० | १५०० |
| ४१.५ टायर मर्मत | १००० | ७०० |
| ४२. अन्य सेवा | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| ४२.१ विज्ञापन सेवा / एजेन्सी | १००० | ७०० |
| ४२.२ साइनवोर्ड बनाउने / पेन्टिंग सेवा | १००० | ५०० |
| ४२.३ बैदेशिक रोजगार सेवा प्रदायक | १०००० | ८००० |
| ४२.४ स्वदेसी रोजगार सेवा प्रदायक | | |
| ४२.५ प्रधान कार्यालय | १००० | १००० |
| ४२.६ शाखा कार्यालय | ५०० | ५०० |



प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

| | | |
|---|---|---|
| ४२.७ सेक्रेटरियल सेवा | ५०० | ५०० |
| ४२.८ हाउजिंङ कम्पनी तथा घरजग्गा खरिद बिक्रि (रियल स्टेट) ५ रोपनी सम्म | १५००० | १०००० |
| ४२.९ हाउजिंङ कम्पनी तथा घरजग्गा खरिद बिक्रि (रियल स्टेट) ५ रोपनी भन्दा माथी | २५००० | २०००० |
| ४२.१० ड्राइ क्लिनर्स | १००० | ७०० |
| ४३. पशु बधशाला | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| ४३.१ रांगा मासु बिक्रेता | १००० | ७०० |
| ४३.२ बंगुर मासु बिक्रेता | १००० | ७०० |
| ४३.३ खसी मासु बिक्रेता | १००० | ४०० |
| ४३.४ कूखुरा पालन व्यवसाय | ५०० | ४०० |
| ४३.५ माछापालन व्यवसाय | ५०० | ४०० |
| ४३.६ कृषि तथा पशुपंक्षि व्यवसाय | ५०० | ४०० |
| ४३.७ फ्रेस हाउस तर्फ | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| ४३.८ चल्ला/दाना | १००० | ७०० |
| ४३.९ मासु बिक्रेता | १००० | ७०० |
| ४३.१० माछा बिक्रेता | ५०० | ४०० |
| ४४. फलफूल तथा जुस व्यवसाय | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
| ४४.१ डिलर/थोक | १५०० | १००० |
| ४४.२ खुद्रा/फूटकर | १००० | ५०० |
| ४५. इटा उद्योग | | |
| ४५.१ चिम्नी उद्योग | ७००० | ७००० |
| ४६. एग्रो सेन्टर /एग्रोभेट | २००० | १५०० |
| ४७. पुस्तक तथा स्टेसनरी | | |
| ४७.१ थोक बिक्रेता | २००० | १५०० |
| ४७.२ खुद्रा/फूटकर बिक्रेता | १००० | ७०० |
| ४८. ग्रिल उद्योग | | |
| ४८.१ ग्रिल उद्योग | ३००० | २००० |
| ४८.२ घरेलु फलाम उद्योग परम्परागत आरन बाहेक | ५०० | ४०० |
| ४९. गाडीको पार्टस बिक्रेता | | |
| ४९.१ मोटर पार्टस बिक्रि | ३००० | २००० |
| ४९.२ मोटर साइकल पार्टस बिक्रेता | २००० | १५०० |
| ४९.३ वडी विल्डर्स | ५००० | ५००० |
| ४९.४ कवाडी व्यवसाय | ३००० | ३००० |
| ५०. गाडीको डिलर | | |



प्युठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्युठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

| | | |
|---|---|---|
| ५०.१ चार पाङ्ग्रे गाडी | १०००० | १०००० |
| ५०.२ मोटर साइकल | ५००० | ५००० |
| ५०.३ साइकल | १००० | १००० |
| ५१. आयल डिलर्स | | |
| ५१.१ डिजल । पेट्रोल | १०००० | १०००० |
| ५१.२ मट्टितेल | २५०० | १५०० |
| ५२. गल्ला पसल | १००० | ३५० |
| ५३. ग्यास डिलर | २००० | १५०० |
| ५४. कलर ल्याव | १००० | ३५० |
| ५५. मिनरल वाटर उद्योग | ५००० | ५००० |
| ५६. नर्सरी उद्योग | ५०० | ५०० |
| ५७. सिसा प्लाइउड विक्रेता | २००० | १५०० |
| ५८. भांडाकूडा विक्रेता | १५०० | १००० |
| ५९. केबुल, नेटवर्किंग | ५००० | ५००० |
| ६०. साइवर क्याफे | १००० | ३५० |
| ६१. ताला खूलाउने (निशूल्क ) | २०० | २०० |
| ६३. लोक दोहोरी सांझ व्यवसाय कर | २००० | १५०० |
| ६४. अस्थायी हाट वजार/ घुम्ति पसल | १००० | ४०० |
| ६५. चौपाया प्रतिगोटा (गाइ, भैसी, रांगा, गोरु, पाडा, पाडी आदी प्रतिदिन निकासी /पैठारी बापत | २०० | २०० |
| ६८. कन्सल्टेन्सी तथा गै स स | | |
| ६८.१ कन्सल्टेन्सी दर्ता बापत | ५००० | ४००० |
| ६८.२ कन्सल्टेन्सी नविकरण | २००० | २००० |
| ६८.३ होमस्टे दर्ता बापतको शूल्क | २००० | २००० |
| ६८.४ व्यबसाय सूचिकृत बापतको शूल्क(न.पा भित्रको व्यववसायीको हकमा रु ३००) | १००० | १००० |
| ६८.५ गै स स दर्ता तथा नबिकरण | १००० | १००० |
| ६८.६ जिमखाना व्यबसाय कर | २००० | २००० |
| ६९. समूह दर्ता | | |
| ६९.१ गरिवि निवारण कोषका सामुदायीक संस्था दर्ता | ५०० | ५०० |
| ६९.२ कृषि समूह दर्ता | १०० | १०० |
| ७०. नदिजन्य पदार्थ उत्खनन तथा ओसारपसार | | |
| ७०.१ ट्याक्टर (प्रति टिप) | प्रदेश कानून बमोजिम हुने | |
| ७०.२ टिप्पर ६ चक्के (प्रति टिप ) | प्रदेश कानून बमोजिम हुने | |
| ७०.३ टिप्पर ८ (प्रति टिप) | प्रदेश कानून बमोजिम हुने | |



नगर प्रमुख

| | | |
|---|---|---|
| ७०.४ जरिवाना (सम्झौता अनुसारको रकममा थप गरी लिने ) | | |
| ७०.४.१ ट्याक्टर (प्रति टिप) | २००० प्रथम पटक र त्यसपछी २००० को दरले बृद्धि | |
| ७०. ४.२ टिप्पर ६ चक्के (प्रति टिप ) | ९००० प्रथम पटक र त्यसपछी ९००० को दरले बृद्धि | |
| ७०. ४.३ टिप्पर १० चक्के (प्रति टिप) | १२००० प्रथम पटक र त्यसपछी १२००० को दरले बृद्धि | |
| ७१. ईलेक्ट्रिक सवारी चार्जिङ स्टेशन | ५,००० / नविकरण ३००० | |
| | | |

## अनुसूचि ४

| ७२. जडिबूटी, कवाडी र जीवजन्तू कर | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
|---|---|---|
| ७२.१ खोटो व्यवसायी व्यवसाय कर | ३५०० | १५०० |
| ७२.२ खोटो निकासी पैठारी प्रति के.जी. | १ | १ |
| ७२.३ जडिवुटि खरिद विक्रि | ३००० | ३००० |
| ७२.४ सामूदायीक वनको वन पैदावार विक्री वापत | विक्रिको १० प्रतिसत् | विक्रिको १० प्रतिसत् |
| ७२.५ कवाडी व्यवसाय निकासि तथा पैठारी समेत | ३००० | ३००० |
| प्लाष्टिकजन्य पदार्थ प्रति के.जी | १ | १ |
| सिसा बोतलपदार्थ प्रति के.जी | ०।५० | ०।५० |
| कागज(किताव/कापी) प्रति के.जी | २ | २ |
| गत्ता प्रति के.जी. | १ | १ |
| फलाम प्रति के.जी | १।५० | १।५० |
| पित्तल तामा धातू प्रति के.जी. | १० | १० |
| टिन प्रति के.जि. | १ | १ |
| सिल्टी तथा पुरानो ब्याट्री | ५ | ५ |
| ७२.६ दालचिनी, टिमूर,रिट्ठा लगायतका जडिबुटी निकासी पैठारी प्रति के.जी. | १ | १ |
| ७२.७ यि वाहेकका अन्य | १५०० | १५०० |
| ७२.८ नेपाल सरकारबाट स्वीकृती प्राप्त जनावरहरुको छाला निकासी प्रति के.जी. | १ | १ |

कबाडीजन्यबस्तुको हकमा बार्षिक न्युनत्तम रु ७,००,०००(अक्षरुपी रु. सात लाखमा) ठेक्का बन्दोबस्त गरीने।

जडिवुटी निकासी शुल्क बार्षिक रु. २,००,००० (अक्षरुपी रु. दुई लाखमा) ठेक्का बन्दोबस्त गरिने ।

प्युठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्युठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख



CamScanner

जडिबुटी निकासी शुल्क न्यूनतम् वार्षिक रु. २,००,००० (अक्षरुपी रु. दुई लाखमा) ठेक्का बन्दोबस्त गरिने

## अनुसूची ५

| | ७३. सवारी साधन कर | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
|---|---|---|---|
| | सार्वजनिक परिवहन | | |
| ७३.१ | अटोरिक्साको वार्षिक सवारी कर | १००० | १००० |
| ७३.२ | अटोरिक्साको नं. कायम शुल्क | १०० | १०० |
| ७३.३ | अटोरिक्सा सुरु दर्ता शुल्क | १००० | १००० |

## अनुसूची ६

| ७४. विज्ञापन कर | सहरी क्षेत्र | वजार उन्मुख क्षेत्र |
|---|---|---|
| ७४.१ विज्ञापन सामाग्री प्रति व.फि. (वार्षीक) | १२५ | १०० |
| ७४.२ साना किसिमका प्रचारका वोर्डहरु १० व.फि. सम्म (मासिक) | १०० | १०० |
| ७४.३ व्यानर सार्वजनिक स्थानमा प्रतिमिटर १२ दिनसम्मको लागी | १० | ५ |
| ७४.४ १ मि. र १ व.फि. सम्मको विज्ञापनलाई १ महिना सम्मको लागी | ५ | ०।७५ |
| ७४.५ दफा ७१.४ भन्दा बढि समयको लागी विज्ञापन राख्नुपरेमा | ७ | १।५ |
| ७४.६ विद्युत पोलमा पेन्टिंग गर्नेलाई प्रति वर्ग.मि. प्रति पोलमा | २० | ४ |
| ७४.७ सार्वजनिक स्थानमा गेट १५ दिन प्रतिगोटा | २००० | १००० |

माथि उल्लेखित विज्ञापन कर असुलीको लागि न्यूनतम् वार्षिक रु १,५०,००० लाखमा ठेक्का बन्दोबस्त गरिने

## अनुसूची ७

| ७५. मनोरञ्जन कर | सहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
|---|---|---|
| ७५.१ चलचित्र मन्दिर मनोरञ्जन कर मासिक | ५०० | ५०० |
| ७५.२ चलचित्र मन्दिर व्यवसाय कर | १००० | ७५० |
| ७५.३ जादू, सर्कस, चटक आदीमा प्रतिदिन | २०० | २०० |
| ७५.४ रमाइलो मेला/ महोत्सव प्रतिदिन | २००० | १५०० |



CamScanner

## अनुसूची ८

| ७६. बहाल बिटौरी शूल्क : | शहरी क्षेत्र | बजार उन्मुख क्षेत्र |
|---|---|---|
| ७६.१ न.पा.ले. आफ्नो क्षेत्रमा आफूले निर्माण, रेखदेख, सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्ग फूट (बार्षिक भाडा) | १५ | ८ |

नगरपालिकाले आफ्नो वा जग्गा लिजमा लिई भवन बनाएको घरको भाडा कार्यविधि अनुसार हुने ।

## अनुसूची ९

| ७७ | सवारी पार्किङ शूल्क | दैनिक रु |
|---|---|---|
| | सार्वजनिक परिवहन | |
| क. | बस, मिनिवस | १०० |
| ख. | जिप, माइक्रो, टेयाक्सी | ५० |
| ग. | निजि परिवहन | ५० |
| घ. | मोटर साइकल/स्कुटी | २० |
| ङ. | अटोरिक्सा | २० |

## अनुसूची १०

| सि.नं. | विवरण | शूल्क रु |
|---|---|---|
| ७८ | सिफारिस शुल्क | |
| क. | साधारण सिफारिस | १०० |
| ख. | टेलिफोन सिफारिस फाराम सहित | २०० |
| ग. | विद्युत मिटर सिफारिस फाराम सहित | २०० |
| घ. | विद्युत मिटर सिफारिस धरौटी कच्ची घर(नक्सा पास नभाको हकमा) | ५०० |
| ङ. | विद्युत मिटर सिफारिस धरौटी पक्की घर(नक्सा पास नभाको हकमा) | २५०० |
| च. | खानेपानी सिफारिस फाराम सहित | २०० |
| छ. | नागरीकता सिफारिस फाराम समेत | १०० |
| ज. | नागरीकता प्रतिलिपी सिफारिस फाराम समेत | २०० |



नगर प्रमुख

| | | | |
|---|---|---|---|
| झ. | गैर आवासीय नेपालीलाई नागरिकता सिफारिस | | २००० |
| ञ. | सर्जमिन सहित सिफारिस | | २५० |
| ट. | पेन्सन सिफारिस स्वदेशी | | १५० |
| ठ. | पेन्सन सिफारिस भारतीय | | ५०० |
| ड. | पेन्सन सिफारिस तेश्रो मुलुक | | १००० |
| ढ. | पेन्सन नामसारी स्वदेसी | | २०० |
| ण. | पेन्सन नामसारी भारतिय | | ७०० |
| त. | पेन्सन नामसारी तेश्रो मुलुक | | १००० |
| थ. | फोटो प्रमाणित (प्रति फाराम ) | | २०० |
| ७९. फाराम विक्रि तर्फ : | | | |
| क. | नक्सा पास फाराम | | |
| १. | पक्कि घर | | ५०० |
| २. | कच्चि घर | | ३०० |
| ख. | सम्पत्ति कर फाराम | | निशूल्क |
| ग. | अन्य फाराम | | ३०० |
| ८०. बकस पत्र सिफारिस | | | |
| क. | तीन पुस्ता भित्र | | ७५० |
| ख. | तीन पुस्ता वाहिर | | १००० |
| ८१ अन्य सिफारिस | | | |
| क. | जग्गा नामसारी सिफारिस | | ३०० |
| ख. | जग्गा धनि प्रमाण पूर्जाको प्रतिलिपी सिफारिस | | १०० |
| ग. | नाता प्रमाणित अन्य प्रयोजन सर्जिमिन सहित | | २०० |
| घ. | अस्थायी बसोबास सिफारिस | | २०० |
| ङ. | साविकका गाविसहरुलाई हालको वडा न. सिफारिस स्वदेशी प्रयोजन | | निशूल्क |
| च. | फरक फरक नाम एउटै भन्ने सिफारिस सामान्य | | १०० |
| | बिशेष वैदेशिक प्रयोजन | | १००० |
| ज. | अंगिकृत नागरीकता सिफारिस | | १००० |
| झ. | नाम संशोधन सिफारिस | | १०० |
| ञ. | घरबाटो सिफारिस फाराम समेत | | ५०० |
| ट. | उद्योग सिफारिस | | ५०० |
| ठ. | चार किल्ला प्रमाणित | | ५०० |
| ड. | मृत्यु प्रमाणित | ३५ दिन भित्र निशूल्क हूने | २०० |
| ढ. | जन्म दर्ता प्रमाणित | | २०० |
| ण. | विवाह दर्ता प्रमाणित | | २०० |
| त. | बसाई सराई प्रमाणित | | २०० |

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

| | | |
|---|---|---|
| थ. | चालचलन प्रमाणित | २०० |
| द. | जाति प्रमाणित | १०० |
| ध. | नगरपालिका बाहेक अन्य निकायहरुबाट अनुदान प्राप्त गर्नको लागि सिफारिस | १००० |
| | ८२. बैदेशिक प्रयोजन तर्फका सिफारिसहरु | |
| क. | जन्म मिति प्रमाणित | १००० |
| ख. | विवाह/अविवाहित सिफारिस | १००० |
| ग. | ठेगाना प्रमाणित | १००० |
| घ. | चारित्रिक प्रमाणित | १००० |
| ङ. | स्थायी बसोवास सिफारिस | १००० |
| च. | नाम फरक बैदेशिक प्रयोजन | १००० |
| छ. | नाता प्रमाणित | १००० |
| ज. | साविकका गाविसहरुलाई हालको वडा न. सिफारिस विदेसी प्रयोजन | १०० |
| झ. | आयश्रोत प्रमाणित विदेसी प्रयोजन | १००० |
| ञ. | कर क्लिरियन्स सिफारिस | १००० |
| ट. | यी बाहेकका अन्य बैदेशिक प्रयोजन सिफारिसहरु | १००० |
| | ८३. नामसारी सिफारिस तर्फ | |
| क. | खानेपानि विद्युत नामसारी सिफारिस | ५०० |
| ख. | टेलिफोन नामसारी सिफारिस | ५०० |
| ग. | घर नक्सा नामसारी दस्तूर (खरिद विक्रि) | १००० |
| ग.१ | अशंबण्डा र मुत्यु नामसारी | २०० |
| घ. | घर निर्माण सम्पन्न प्रमाणपत्र | ५०० |
| ङ | पेशा व्यवसाय नामसारी (एकाघर) | ५०० |
| च. | उद्योग व्यापार ठांउसारी | १००० |
| छ. | उद्योग व्यापार नामसारी (खरिद विक्रि) | ५०० |
| ज. | अटो रिक्सा नामसारी | १०० |
| झ. | अटोरिक्साको नं. कायम शूल्क | १०० |
| ञ. | आन्तरिक राजश्व कार्यालय वा घरेलूमा व्यवसाय दर्ता सिफारिस दस्तूर | ५०० |
| ट. | लगत कट्टा सिफारिस | ३०० |
| ठ. | संघ संस्था सिफारिस | ५०० |
| ड | कपाली तमसूक प्रमाणित रु ५ लाख सम्म ५०० सो भन्दा माथी | १००० |



नगर प्रमुख

| | | |
|---|---|---|
| ढ. | नगदी रसिदको प्रतिलिपी | ५० |
| | **८४. मोहि लगत कट्टा सिफारिस** | |
| क. | ३ रोपनी सम्म | १०० |
| ख. | ३ देखी १० रोपनी सम्म | २०० |
| ग. | १० देखी १५ रापनी सम्म | ३०० |
| घ. | १५ रोपनी भन्दा माथि | ५०० |
| | **८५. व्यवसाय दर्ता सिफारिस तर्फ** | |
| क. | मदिरा / चूरोट व्यवसाय सिफारिस तर्फ : | |
| अ. | डिलर / थोक | २००० |
| आ. | खुद्रा / फूटकर | १००० |
| ख. | मदिरा / चूरोट व्यवसाय बाहेकका सिफारिस तर्फ : | |
| अ. | डिलर / थोक | १५०० |
| आ. | खुद्रा / फूटकर | ७०० |
| | **८६. घर कायम सिफारिस** | |
| क. | पक्की घर १००० बर्ग फिट सम्म | १००० |
| ख. | पक्की घर १००१ वर्ग फिट भन्दा माथि | १२५० |
| ग. | पक्की घर सम्पन्न सिफारिस (आशिंक) | ५०० |
| घ. | टिनले छाएको | २०० |
| ङ. | खरले छाएको | निशूल्क |
| च. | रुख काट्न सिफारिस (बिपदबाट जोगिन) | २०० |
| | **८७. सार्वजनिक सुविधा उपभोग सेवाशूल्क** | |
| क. | रांगा काट्ने र मासू विक्रि गर्ने संग प्रतिगोटा रु. | ५० |
| ख. | बधशाला प्रयोजन खसी, बोका, भेडा काट्ने र मासू विक्रि गर्ने संग प्रतिगोटा रु. | ५० |
| ग. | रांगा भैसी व्यापार गर्न ल्याउने / लैजानेको लागी प्रति जिउ | १०० |
| घ. | जग्गा नांप नक्सा शूल्क (अमिन शूल्क ) | १००० |

| **८८. घर जग्गा मुल्याकंन सिफारिस** | | शूल्क रु |
|---|---|---|
| क. | विदेसी प्रयोजन | प्रतिसयकडा १५ पैसा |
| ख. | स्वदेसी प्रयोजन | प्रतिसयकडा १० पैसा |
| | **८९. घर नक्सा पास तर्फ** | |
| क. | घर बाटो प्रमाणित | ५०० |



प्युठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्युठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CamScanner

| | | |
|---|---|---|
| ख. | जग्गा नापी, लोकेसन, साइट प्लान सेवा शुल्क र प्रतिनिधी शुल्क | १००० |
| ग. | कम्पाउण्ड वाल प्रति रनिंग फुटमा | १ |
| | ९०. बाटो कटान तर्फ सेवा शुल्क | |
| क. | पक्की सडक प्रति व.मि. | २००० |
| ख. | ग्रेभल सडक प्रति व.मि. | २० |
| ९१. उद्योग स्थापना तर्फ : | | |
| क. | ५ हर्स पावर सम्म | ५०० |
| ख. | १० हर्स पावर सम्म | १००० |
| ग. | १५ हर्स पावर सम्म | १२०० |
| घ. | २० हर्स पावर सम्म | १५०० |
| ङ. | २५ हर्स पावर सम्म | १८०० |
| च. | ३० हर्स पावर सम्म | २००० |
| छ. | ३५ हर्स पावर सम्म | २५०० |
| ज. | ४० हर्स पावर सम्म | २८०० |
| झ. | ४० हर्स पावर देखी माथि | ३००० |
| ञ. | ३० हर्स पावर भन्दा माथि प्रदूषण शुल्क | ३००० |
| | ९२. तरकारी मण्डीको दररेटमा नआउने व्यापारी जरिवाना | |
| क. | तरकारी व्यवसायी पहिलो पटक | १०० |
| ख. | तरकारी व्यवसायी दोश्रो पटक | २०० |
| ग. | तरकारी व्यवसायी तेश्रो पटक | ३०० |
| घ. | तरकारी फलफूल आयात स्थानीय कर प्रति के.जी. | २० पैसा |

तरकारी फलफूल आयात स्थानीय कर बार्षिक रु. २,००,००० (अक्षरुपी दुई लाख रुपैयामा) ठेक्का बन्दोबस्त गरिने ।

| | | |
|---|---|---|
| | ९३. टोल विकास उद्यमि संस्था तर्फ | |
| क. | उद्यमी समूह दर्ता गर्दा | ३०० |
| ख. | नविकरण | २०० |
| ग. | प्रमाण पत्र प्रतिलिपी दिदा | ५० |
| | ९४. सरसफाई सेवा सुल्क | |
| क. | सरसफाई सेवा शूल्क १००० व.फि. सम्मको घरमा प्रतिमहिना | १०० |
| ख. | सरसफाई सेवा शूल्क १००१ देखी २००० व.फि. सम्मको घरमा प्रतिमहिना | १५० |
| ग. | सरसफाई सेवा शूल्क २००१ व.फि.भन्दा माथिको घरमा प्रतिमहिना | २०० |
| घ. | होटल क वर्ग प्रति महिना | ३०० |



नगर प्रमुख

| | | |
|---|---|---|
| ङ. | होटल ख वर्ग प्रति महिना | २५० |
| च. | होटल ग वर्ग प्रति महिना | २०० |
| छ. | ठेला ढावली सरसफाइ सेवा शुल्क प्रतिमहिना | १०० |
| ज. | फेन्सि पसल प्रति महिना | १०० |
| झ | फलफुल तरकारी पसल | १५० |
| ञ. | फर्निचर पसलमा प्रतिमहिना | १०० |
| ९५. सडक वत्ति महसुल तथा व्यवस्थापन शुल्क मासिक | | ५ |
| क. | सडक वत्ति महशूल शूल्क १००० व.फि. सम्मको घरमा प्रतिदिन | १ |
| ख. | सडक वत्ति महशूल १००१ देखी २००० व.फि. सम्मको घरमा प्रतिदिन | १ |
| ग. | सडक वत्ति महशूल २००१ व.फि.भन्दा माथिको घरमा प्रतिदिन | २ |
| ९६. अन्य | | |
| क. | अस्थायी घर, टहरा बनाइ व्यवसाय गरी बस्नेलाई टहरा वनाए वापत थप | १००० |
| ९७. जग्गा विकास कार्यक्रम | | |
| क. | १ रोपनी सम्मको जग्गामा | ३००० |
| ख. | १ रोपनी देखी ३ रोपनी सम्मको जग्गामा | ५००० |
| ग. | ३ रोपनी देखी ६ रोपनी सम्मको जग्गामा | १०००० |
| घ. | ६ रोपनी देखी १० रोपनी सम्मको जग्गामा | १५००० |
| ङ. | १० रोपनी देखी १५ रोपनी सम्मको जग्गामा | २०००० |
| च. | १५ रोपनी देखी २० रोपनी सम्मको जग्गामा | २५००० |
| छ. | २० रोपनी भन्दा वढि सबै | ३०००० |
| ९८. नगरपालिकाको सम्पत्ती भाडा वापत | | |
| क. | न.पा.को ब्याकहो लोडर भाडा प्रति घण्टा इन्धन सहित | २२०० |
| ख. | न.पा.को. ब्याकहो लोडर भाडा प्रति घण्टा इनधन बाहेक | १२०० |
| ग. | न.पा. को टिप्पर भाडा प्रतिदिन (इन्धन बाहेक ८ घण्टाको ) | ४००० |
| घ. | न.पा.को सक्सेसन ट्यांक प्रति टिप | ५००० |
| ङ. | न.पा.को खेल मैदान प्रयोग गरेवापत प्रतिदिन | ५००० |
| च. | न.पा.को कच्चि घर भाडा प्रति कोठा मासिक | ८०० |
| छ. | न.पा.को वडा कार्यालय हलभाडा प्रतिदीन | १००० |
| ९९. छाडा चौपाया जरिवाना पटकै पिच्छे | | |



प्युठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्युठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

| | | |
|---|---|---|
| क. | गाई, गोरु | ३०० |
| ख. | खच्चड, गधा, घोडा | ५०० |
| ग. | खसी, बाखो, भेडा, च्याङ्ग्रा | २०० |
| च. | रांगो भैसी | ५०० |
| छ. | सूङ्गुर, बंगुर | २०० |
| | अवैध रुपमा पशू चौपाया ओसार पसार जरिवाना | १००० |
| | | |
| | १००. छूट सुविधा | |
| क. | सम्पत्ती कर तथा व्यवसाय करमा छूट सुविधा | |
| | श्रावण देखी आश्विन सम्म बुझाएमा | १०% |
| ख. | घर नक्सा पासमा छुट | |
| | जग्गाधनी महिला, दलित, अल्पसंख्यक भएको हकमा घर निर्माण गर्न नक्सापास गर्दा लाग्ने राजश्वमा छुट प्रतिसत | १०% |
| ग. | न.पा.को स्वामित्वमा रहेको हेभि ईक्युप्मेन्ट मासिक रुप्मा एकमूष्ट अग्रिम बूझाइ भाडामा लिदा तोकिएको दरमा ५% छूट हूनेछ । | ५% |

१०१. घर नक्सा पास दस्तूर

| सि.नं. | घरको किसिम | तला | | | |
|---|---|---|---|---|---|
| | | भुइतला प्रति व.फि. | पहिलो तला प्रति व.फि. | दोश्रो तला प्रति व.फि. | |
| क. बजार क्षेत्रमा (१००० व.मि.भन्दा कम क्षेत्रफल भएको) | | | | | |
| १. | फ्रेम स्टक्चर इटा वा व्लकको गाह्रो भएको | ७ | ६ | ५ | |
| २. | लोड वियरिङ आर.सि.सि. छाना भएको | ६ | ५ | ४ | |
| ३. | लोड वियरिङ स्लेट र जस्ताको छाना भएको | ५ | ४ | ३ | |
| ४ | कटेज | ४ | ३।५० | ३ | |
| ख. बजार उन्मूख ,ग्रामिण क्षेत्र (१००० व.मि.भन्दा कम क्षेत्रफल भएको) | | | | | |
| १ | फ्रेम स्टक्चर इटा वा व्लकको गाह्रो भएको | ४ | ३।५ | ३ | |
| २ | लोड वियरिङ आर.सि.सि. छाना भएको | ३।५ | ३ | २।७५ | |
| ३ | लोड वियरिङ स्लेट र जस्ताको छाना भएको | ३ | २।७५ | २।५ | |
| ४ | कटेज | २।७५ | २।५ | २।५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| क. बजार क्षेत्रमा (१००० व.मि.भन्दा बढी क्षेत्रफल भएको) | | | | | |
| १. | फ्रेम स्टक्चर इटा वा व्लकको गाह्रो भएको | ८ | ७ | ६ | |
| २. | लोड वियरिङ आर.सि.सि. छाना भएको | ७ | ६ | ५ | |
| ३. | लोड वियरिङ स्लेट र जस्ताको छाना भएको | ६ | ५ | ४ | |
| ४ | कटेज | ५ | ४ | ३।५ | |

घर नक्सा अभिलेखिकरण प्रति वर्ग फूट रु ७ कायम गरिएको छ ।



प्युठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्युठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| क. बजार क्षेत्रमा (१००० व.मि.भन्दा बढी क्षेत्रफल भएको) | | | | | |
| १. | फ्रेम स्ट्रक्चर इटा वा ब्लकको गाह्रो भएको | ८ | ७ | ६ | |
| २. | लोड वियरिङ आर.सि.सि. छाना भएको | ७ | ६ | ५ | |
| ३. | लोड वियरिङ स्लेट र जस्ताको छाना भएको | ६ | ५ | ४ | |
| ४ | कटेज | ५ | ४ | ३।५ | |

घर नक्सा अभिलेखिकरण प्रति वर्ग फूट रु ७ कायम गरिएको छ ।

ठूला सपिङ महल,अस्पताल भवन, होटेल, कलेज, सरकारी भवन, हरुको हकमा प्रति वर्ग फूट रु १५ कायम गरियको छ ।

## अनूसूची ११

| | पर्यटन शूल्क | दैनिक रु |
|---|---|---|
| क. | बस, मिनिवस | ५०० |
| ख. | जिप, माइक्रो, टेयाक्सी | ३०० |
| ग. | निजि परिवहन | २०० |
| घ. | मोटर साइकल/स्कुटी | ५० |

पुनस्च : अनुसुचिमा उल्लेख भय वमोजिम वजार क्षेत्र भन्नाले प्यू न.पा. क्षेत्र भित्र को भालुवाङ प्यूठान सडकले छोयको चेरनेटा देखी दम्ती सम्म र वाग्दुला देखी मरन्ठाना सम्म मोटर वाटोका दाया वायाका वस्ती, र यि वाहेकका अन्य क्षेत्रलाई वजार उन्मुख क्षेत्र मानिनेछ ।



"समृद्ध प्यूठान नगरपालिका निर्माणको आधार
सामाजिक न्याय र दिगो विकास सहितको पूर्वाधार"
प्यूठान नगरपालिकाको सत्रौं नगरसभामा प्रस्तुत
आर्थिक वर्ष २०८१/०८२ को
नीति तथा कार्यक्रम

प्यूठान नगरपालिकाको सत्रौं नगरसभामा उपस्थित नगर उप प्रमुखज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सदस्यज्यूहरु, नगरपालिकाका कर्मचारी साथीहरु,

नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु। संघीय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि भएका जनयुद्ध, जन आन्दोलन र विभिन्न समयमा भएका सम्पूर्ण न्यायपूर्ण राजनक्षतिक आन्दोलनहरुमा दलिदान गर्नुहुने सम्पूर्ण सहिदहरुप्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। साथै घाईते र अपाङ्गहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

राज्य पूनसंरचना सँग संगै सिंहदरबारको अधिकार जनताको घरदैलोमा पुर्याउने उद्देश्यका साथ जनताको प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने स्थानीय सरकारको रुपमा यहाँका जनताहरुको सेवा गर्ने महान अभिभारा हामीलाई प्राप्त भएको छ। अबको बाँकी कार्यकालमा सीमित श्रोत साधनको कुशलतापुर्वक परिचालन गरि समानता, सामाजिक न्याय, समावेशी, समानुपातिक प्रतिनिधित्व र समतामूलक समाजको निर्माण गरी सबै नगरवासीलाई विकासको मूल प्रवाहमा ल्याउने महत्वपूर्ण जिम्मेवारी हामीमा रहेको छ। स्थानीय सरकारले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकार एउटै छानामुनिबाट अभ्यास गरिरहेको छ, जहाँ प्रत्यक्ष निर्वाचित प्रमुख र उपप्रमुखको अभ्यास पनी भएको छ। संविधानले परिकल्पना गरेको तीन तहको सरकारको सम्वन्धको सैद्धान्तिक आधार समन्वय, सहकार्य र सहअस्तित्व भएकोले यस नगरपालिकाले सो सैद्धान्तिक आधारलाई आत्मसात गरी तहगत सम्बन्धलाई बलियो बनाई अगाडी बढ्नेछ।

यो नगरपालिका स्थापना भई आजका दिनसम्म भएका प्रयासहरुले सम्पूर्ण नगरपालिकाको विकासका केही आधार खडा भएका छन। आर्थिक, सामाजिक, पुर्वाधार, विपद् तथा वातावरण र सुशासनका क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ। नगरपालिकाको बृहत्तर विकासको लागि दीर्घकालीन विकासको खाका तयार गर्ने गरी यो नीति तथा कार्यक्रम प्रस्तुत गरेका छौं।स्थानीय तहलाई प्राप्त हुने विभिन्न अनुदान, समपुरक अनुदान, विशेष अनुदान र आन्तरिक राजश्वबाट प्राप्त हुने रकम गरी जम्मा उपलव्ध श्रोत र साधनलाई अधिकतम रुपमा परिचालन गर्दै दिगो विकासका लक्ष्यहरु हासिल गर्ने दिशामा हामी प्रयत्नरत छौं।

पहाडी जिल्लामा रहेको हाम्रो जस्तो नगरपालिकाकामा आधारभूत पूर्वाधारहरुको कमी र नगरवासीको विकास र सुशासन प्रतिको तीव्र आकांक्षालाई परिपूर्ति गर्ने जिम्मेवारी हामीलाई प्राप्त भएकोले सोही बमोजिम जन आकांक्षा परिपूर्ती गर्नको लागि हामी निरन्तर लागि रहने प्रतिवद्धता जाहेर गर्दछौ।

शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार, वन, वातावरण तथा सरसफाई, पर्यटन प्रवर्धन, श्रम रोजगार, उद्यमशीलता, सेवा प्रवाह, सुशासन प्रवर्धन, भ्रष्टाचार नियन्त्रण लगायतका विभिन्न क्षेत्रमा तत्कालीन तथा दीर्घकालीन नीतिहरु निर्धारण गरी नागरिकको अपेक्षा अनुरुप नगरपालिकाले थुप्रै कामहरु गर्नुपर्ने देखिन्छ। उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सृजना, सुशासन प्रवर्द्धन, सामाजिक सेवा प्रवाहमा सुधार र सरलीकरण, नागरिक मैत्री प्रशासन, भष्टचार नियन्त्रण प्यूठान नगरपालिकाको प्रमुख प्राथमिकतामा रहेको छ। जनअपेक्षामा खरो उत्रनका लागि तल्लो तह (बस्ती, टोल र वडा) बाट योजना तथा कार्यक्रमहरु संकलन तथा योजना प्राथमिकीकरण गरी स्थानीय स्तरमा उपलब्ध श्रोत, साधन र जनशक्तीको प्रयोग गरिनेछ। प्यूठान नगरपालिकाको वृहत्तर विकास नगरपालिका एक्लैको प्रयासबाट मात्रै सम्भव छैन। यसको लागि संघ, प्रदेश, नागरिक समाज, गैर सरकारी संस्थाहरु, राजनैतिक दलहरु, निजी क्षेत्र र सबै नगरबासीसँग हातेमालो गरेर अघि बढ्ने नीति लिइनेछ।

प्यूठान नगरपालिका संघीय लोकतन्त्रिक गणतन्त्रका आधारभुत मान्यता, मानव अधिकार, सामाजिक न्याय, सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति पुर्ण प्रतिवद्द रहनेछ। लोकतन्त्रलाई सामाजिक जिवन पद्धतिको रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नसिल रहनेछ। शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूती सवै नगरवासीले गर्न सकुन भन्ने विषयमा नगरपालिका सधै सचेत रहनेछ।

नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक विविधतालाई आत्मसात गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न नगरपालिका दृढ रहनेछ। हामीहरु योजनावद्द रुपमा र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु हुनु पर्छ भन्ने कुरामा प्रतिवद्द छौं।जनप्रतिनिधिहरु मालिक होइन सेवक हौ भन्ने मान्यतामा आधारित रहेर जनउत्तरदायी, पारदर्शी, सुशासनयुक्त र भ्रष्टाचारमुक्त भएर मात्र समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले मार्ग दर्शनको रुपमा ग्रहण गरेका छौ। जनप्रतिनिधिहरुको नीतिगत प्रतिवद्धतालाई नगरपालिकाको कर्मचारी संयन्त्रको प्रशासनिक कटिवद्धताले नीति, योजना, बजेट तथा कार्यक्रम कार्यान्वयन गरी नगरपालिकाको सम्बृद्धिको सपना साकार हुने कुरामा विश्वस्त छौं।



प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

अब म आ व २०८१/०८२को नीति तथा कार्यक्रमका सैद्धान्तिक आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न आधारहरुलाई आत्मसात गरिएको छ:

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची ,
- दिगो विकासका लक्ष्य तथा परिसूचकहरु,
- नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक विकास, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार र भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीयतहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- संघीय सरकारले अंगिकार गरेको १६औ योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नेपालले अन्तरराष्ट्रिय जगतमा जनाएका प्रतिबध्दताहरु एवं सन्धी सम्झौताहरु,
- स्थानीय शासन सञ्चालन संबन्धी कानून, आदेश ,नियमावली, प्रावधानहरु,
- स्थानीय तहका सम्बन्धमा भएका अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशीविकास, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, पूर्णसरसफाई एवं उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- स्थानीय सरकार संचालन ऐन २०७४,
- नेपाल सरकारको आर्थिक सर्वेक्षण तथा राष्ट्र बैंकको मौद्रिक नीति,
- नेपाल सरकारका विषयगत एवं क्षेत्रगत नीतिहरु,

अब म प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को निति तथा कार्यक्रम बुदागत रुपमा पेश गर्ने अनुमति चाहन्छु ।

**शिक्षा तर्फ**

- प्रारम्भिक बालविकास केन्द्रमा बालवालिकाको सर्वाङ्गीण विकास तथा आधारभुत शिक्षाको तयारीका लागि पर्याप्त पुर्वाधार र गतिविधिहरुलाई व्यवस्थित, प्रभाबकारी र बालमैत्री बनाइनेछ। बालविकास केन्द्रका सहजकर्ताहरुको क्षमता विकास गरिनेछ।
- नगरपालिका क्षेत्रभित्र उच्च शिक्षामा सुधारका लागि स्वर्गद्वारी बहुमुखी क्याम्पस, झिमरुक क्याम्पस र क्षेत्रबिकास मा.वि.मा सञ्चालित कृषि तर्फको उच्च शिक्षाको कार्य संचालन तथा व्यवस्थापनको लागि अनुदान रकम उपलब्ध गराईनेछ।
- राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (Early Grade Learning) अन्तर्गत वालवालिकामैत्री कक्षाकोठा, सिकाई कुनाहरु, सबै बालवालिकाहरुको शिक्षामा पहुँच सुनिश्चितता, समता र समावेशिता प्रवर्धन गरिनेछ।
- प्यूठान नगरपालिकाको शैक्षिक सुधारको लागि गठित कार्यदलले पेश गरेको प्रतिवेदन कार्यन्वयन गर्दै लगिनेछ।
- वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी शिक्षा अन्तर्गतका क्रियाकलापहरु पुर्वानुमानयोग्य बनाईनेछ।
- स्थानीय पाठ्यक्रम निर्माण गरी नगरपालिकामा अध्ययनरत आधारभूत तथा माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई नगरको ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक, भौगोलिक, राजनैतिक र महत्वपूर्ण व्यक्तित्वहरुको विषयमा जानकारी प्राप्त भई नगरको समग्र पक्षको बारेमा वालवालिकाहरुमा ज्ञान अभिवृद्धि गरिनेछ।
- नगरशिक्षा योजना निर्माण गरी शिक्षा क्षेत्रलाई व्यवस्थित गरिनेछ।
- १२ महिना १२ अतिरिक्त क्रियाकलाप संचालन गरी बालबालिकाको चौतर्फी बिकासमा जोड दिईनेछ।
- माध्यमिक शिक्षा सम्मको उमेर समुहका सबै बालबालिकाहरुलाई निशुल्क रुपमा सामुदायिक विद्यालयमा भर्ना गर्ने ब्यवस्था मिलाइ माध्यमिक तहसम्म निशुल्क शिक्षालाई थप व्यवस्थित गर्दै लगिनेछ।
- विद्यालयमा क्षेत्रको १०० मिटर वरपर जंकफुड, मादक पदार्थ र सूर्तीजन्य पदार्थको बिक्रि वितरणलाई पूर्ण रुपमा रोक लगाईनेछ।
- विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन नियमित रुपमा अनुगमन, निरीक्षण र सुपरीवेक्षणको ब्यवस्था मिलाइनेछ ।विद्यालय सुपरीवेक्षण तथा पेशागत सहायताका लागि स्रोत विज्ञको ब्यवस्था गरिनेछ।



प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CamScanner

- विद्यालयलाई हिंसारहित,भयरहित र बालमैत्री बनाईनेछ ।नयाँ निर्माण हुने भौतिक पुर्वाधारहरु विपद् जोखिममुक्त, सुरक्षित, बालमैत्री, छात्रामैत्री र अपांगमैत्री बनाउनुका साथै हरित विद्यालयको अवधारणालाई विशेष जोड दिइनेछ।
- विद्यार्थी दिवा खाजा कार्यक्रमलाई थप सुद्धिढ गर्दै "हर बार खाना चार"मा जोड दिइनेछ पालिका भित्र संचालनमा रहेका सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुलाई भौगोलिक अवस्था,जनसंख्याको वितरण र सामाजिक न्याय हेरी नक्शांकनका आधारमा समायोजन गरी शिक्षक कर्मचारीको दरबन्दी मिलान तथा पुनर्वितरण गरिनेछ ।संस्थागत विद्यालयहरुको नियमन गरिनेछ।
- विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन नियमित रुपमा अनुगमन, निरीक्षण र सुपरीवेक्षणको व्यवस्था मिलाइनेछ। सुपरीवेक्षणलाई प्रभाबकारी बनाउन विषयगत शिक्षकको रोष्टर समुह निर्माण गरी प्रधानाध्यापक र शिक्षा अधिकृत समेतको समुह द्वारा समुह सुपरीवेक्षण तथा पेशागत सहायता प्रदान गरिनेछ ।विद्यालय अनुगमन प्रणालीलाई सूचकमा आधारित बनाइनेछ।
- वार्षिक कार्यसम्पादन तथा विद्यार्थीको नतिजामा उत्कृष्टता हासिल गरेका शिक्षक/कर्मचारी, उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी तथा उत्कृष्ट विद्यालयलाई प्रोत्साहन गरिनेछ।
- बालबालिकाको सर्वाङ्गीण विकासका लागि विद्यालय र पालिका स्तरमा खेलकुद प्रतियोगिता संचालन गरिनेछ।
- सामुदायिक सिकाई केन्द्र, नेपाल स्काउट र नेपाल रेडक्रस सोसाईटी संगको समन्वयमा युवा लक्षित कार्यक्रमहरु संचालन गरिनेछ र नेपाल रेडक्रस सोसाईटी, नेपाल स्काउटलाई मा.वि. तह सम्म बिस्तार गरिनेछ।
- वहुप्राविधिक शिक्षालय स्थापनाको लागि पहल गरिनेछ।
- गुणस्तरीय शिक्षा सुनश्चितताको लागी सामुदायिक विद्यालय रुपान्तरण कार्यक्रम अन्तर्गत विद्यालय शिक्षालाई प्रविधीमैत्री बनाई शिक्षण सिकाईमा रहेको असममानता कम गर्न र गूणस्तरिय शिक्षामा सबैको पहुँच वृद्धि गर्न पालिकाभित्र १ वटा नमूना आवासीय विद्यालय कार्यक्रम संचालन गरिनेछ।
- मेरो विद्यालय हप्तामा मेरो १ दिन श्रमदान कार्यक्रम सुरुवात गरी हप्तामा १ दिन विद्यार्थीहरुलाई विद्यालयको हितको कार्यमा परिचालन गरिनेछ ।
- बाझो जग्गाको समुचित उपयोग र आयआर्जनका लागी बेसार खेती र बिभिन्न फलफूल खेतीलाई प्रोत्साहन गरिनेछ।
- विद्यार्थीको लागि विशेषज्ञ नमूना शिक्षण लगायतका शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ।
- विद्यालय, विद्यालय व्यवस्थापन समिति र अविभावक संघबिचको सम्वन्धलाई सुमधुर बनाउन पहल गरिनेछ।
- सामुदायिक विद्यालय रुपान्तरण कार्यक्रम अन्तरगर्त विद्यालय शिक्षालाई प्रविधी मैत्री बनाई शिक्षण सिकाइमा रहेको असमानता कम गर्न र गुणस्तरीय शिक्षामा सबैको पहुंच बुद्धि गर्न एक पालिका एक स्मार्ट विद्यालय को कार्यक्रम कार्यान्वयन गरिनेछ।
- विद्यालय सञ्चालन तथा शिक्षक व्यवस्थापन निर्देशिका तर्जुमा गरी थोरै विद्यालय धेरै विद्यार्थी, विद्यार्थीसंग विशेषज्ञ नमुना शिक्षण विद्यालय, मेरो विद्यालय मेरो दायित्व, विद्यालयका लागि मेरो एकदिन, लगायतका शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ।
- व्यवस्थापकिय क्षमताको विकास गर्न सवै प्रध्यानाध्यापकहरुलाई नेतृत्व विकास सम्वन्धी तालिम दिइनेछ।
- विद्यालय छोड्ने दरलाई शुन्यमा झार्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयलाई लेखा तथा जिन्सी सम्बन्धि तालिम दिई आर्थिक तथा जिन्सी अभिलेख चुस्त दुरुस्त बनाइनेछ।
- सञ्चालनमा रहेको अभिभावक विहीन वालवालिकालाई आवासीय सुबिधा सहित (माध्यमिक तह) सम्मको निशुःल्क शिक्षा थप प्रभावकारी बनाईनेछ।
- स्थानीय उत्पादनको उपयोग गर्नेगरी दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गरिनेछ।
- नगरपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरुमा सबैका लागि खेलकुद तथा योग अभ्यासको अवसर सृजना गर्ने, नगरपालिका स्तरमा प्रतिभावान खेलाडीको खोजी गर्ने, विद्यालयका शिक्षक तथा विद्यार्थीलाई खेलकुद तालिम दिने, उमेरगत खेलकुद प्रतियोगिता संचालन गरिनेछ।
- नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका संस्थागत विद्यालयहरुले प्रचलित कानून वमोजिम उपलब्ध गराउनुपर्ने छात्रवृत्ती सुविधालाई कार्यान्वयन गर्न आवश्यक कार्यबिधी निर्माण गरी लागु गरिनेछ।

<u>स्वास्थ्य तर्फ</u>

- पूर्ण खोप सुनिश्चितत‌ालाई निरन्तरता गरिनेछ।
- आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ र नागरिकको पहुँच योग्य बनाईनेछ।
- नगरपालिकाद्वारा संचालित एम्बुलेन्स सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।नगर क्षेत्र भित्रका सरकारी स्वास्थ्य संस्थामा सुत्केरी हुने नगरबासीहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ।

प्युठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्युठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

- बर्थिङ सेन्टरमा आवश्यक सामग्री खरिद गरी गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण बनाईनुका साथै बाल मृत्युदर, मातृमृत्युदर घटाउने विधिमबाट विशेष कार्यक्रम संचालन गरिनेछ।
- सर्पदंश उपचार केन्द्रको भवन निर्माण र व्यवस्थापन, नेपाल रेडक्रस सोसाईटीले संचालन गरिरहेको रक्तसञ्चार सेवा संचालन र प्यूठान अस्पतालमा डायलाइसिस मेसिन खरिदका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- विद्यालय पोषण तथा स्वास्थ्य शिक्षाको माध्यमबाट किशोर किशोरी मैत्री विद्यालय तथा स्वास्थ्य संस्थाको अवधारणा अवलम्बन गरिनेछ।
- स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक सेवालाई एकीकृत रुपमा विकास तथा विस्तार गरिनेछ।
- सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य, प्रौढ तथा जेष्ठ नागरिक लगायतका सेवाहरुको विकास र विस्तार गरिनेछ।
- पोषणमैत्री स्थानीय तहको अवधारणालाई अबलम्बन गरी आवश्यक पुर्व तयारीका क्रियाकलापहरुलाई अगाडी बढाईनेछ।
- कुपोषण न्यूनीकरणका लागि पोषण प्रवर्धन कार्यक्रम संचालन गरिनेछ।
- नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिम निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गरिएको सुनिश्चित गरिनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक औषधी, औषधीजन्य सामग्री, औजार, उपकरण तथा निदानात्मक सेवाको व्यवस्था गरिनेछ।
- नगरपालिका क्षेत्रभित्रका सबै नागरिकहरुलाई तोकिए बमोजिम विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचमा विस्तार गर्दै लगिनेछ।
- स्वास्थ्य सेवाको पहुँचलाई थप प्रभावकारी गराउन आयुर्वेद स्वास्थ्य सेवालाई बिस्तार तथा व्यवस्थापन गरिनेछ।
- सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको उपायहरू अवलम्बन गरिनेछ।
- स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै अनुकुल वातावरण सुनिश्चित गरिनेछ।
- स्वास्थ्य चौकीहरुमा प्रयोगशाला सेवा विस्तार गर्दै लगिनेछ।
- लागु औषध दुर्व्यसन निरुत्साहनका लागि विद्यालय स्तरमा चेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- प्यूठान नगरबासीहरुको लागी निशुल्क रक्तसञ्चार सेवा उपलब्ध गराइने छ।
- प्यूठान अस्पतालमा उपचार गर्न आएका नगरबासीहरुलाई निशुल्क OPD दर्ता गर्ने ब्यबस्था गरिनेछ।
- विकट र दुरजराजका बस्तीहरुमा विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- प्यूठान नगरपालिका जेष्ठ नागरिक, गरिव विपन्न र विकट क्षेत्रका नागरिकहरुको स्वास्थ प्रति संवेदनशील रहेको छ ,जसका लागि प्यूठान नगरपालिकाद्वारा जेष्ठ नागरिक, गरिव विपन्न र विकट क्षेत्रका नागरिकहरुको लागि घरदैलोमा "हेल्थ स्क्रिनिङ कार्यक्रम" तथा अन्य स्वास्थ्य सेवा सञ्चालन गरिने छ।
- जेष्ठ नागरिकलाई प्रदान गर्दै आएको निशुल्क आखा उपचार सेवालाई सबै वडाहरुको पहुँचमा पुर्याइनेछ।
- सुत्केरीसँग नगरपालिका कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्थानीय प्रशासन, शिक्षा, स्वास्थ्य, पर्यटन र सामाजिक विकासको क्षेत्रमा योग ध्यान र स्वजारणका मौलिक र वैज्ञानिक पद्दत्तिलाई मुल प्रवाहीकरण गरी स्वस्थ्य र नैतिकवान समाज निर्माण गर्न पालीका स्तरमा योग र ध्यानको स्वजारण अभियान संचालन गर्ने।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुको मनोवल उच्च बनाउन प्रोत्साहन रकम र संचार खर्च उपलब्ध गराईनेछ।
- बैकल्पिक उपचार सेवा(आयुर्वेद, युनानी उपचार सेवा, होमियोप्याथी) प्रवर्धन गरिनेछ।
- स्वस्थ्य र नैतिकवान समाज निर्माण गर्न नगरपालिका,वडा र विद्यालयस्तरमा योग र ध्यानको स्वजारण अभियान संचालन गरिनेछ।

योजना कार्यान्वयन तर्फ

- संघ तथा प्रदेशका विषयगत कार्यालयहरुले बिभिन्न भौतिक पूर्वाधार, आयआर्जन तथा सशक्तिकरण लगायतका कार्यक्रम सञ्चालन गर्दा नगरपालिकासंग समन्वय मार्फत संचालन हुने व्यवस्था गरिनेछ।
- उपभोक्ता समितिबाट हुने योजना कार्यान्वयनको लागत सहभागितालाई १० प्रतिशत कायम गरिनेछ।
- उपभोक्ता समितिलाई योजना सम्झौता, कार्यान्वयन तथा फरफारक सम्बन्धमा नगरपालिकाबाट अभिमुखिकरण तालिम सञ्चालन गरिनेछ।
- योजना कार्यान्वयनको बार्षिक कार्यतालिका तयार गरी सोही अनुरुप योजना कार्यान्वयन गरिनेछ।



नगर प्रमुख

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

CamScanner

- योजनाको लागत अनुमान रु.३ लाख देखि माथि बजेट भएका योजना तथा कार्यक्रमहरुको नगरपालिका स्तरीय अनुगमन समितिबाट अनुगमन गरी भूक्तानीको लागि सिफारिस गरेपछि मात्र नगरपालिकाबाट भूक्तानी दिने कार्यलाई निरन्तरता दिइनेछ ।सो भन्दा कम लागतका योजना तथा कार्यक्रमको अनुगमन वडाबाटनै हुने व्यवस्था गरिनेछ ।
- आयोजना तथा कार्यक्रमहरुको सामाजिक परिक्षण, सार्वजनिक सुनुवाइ, सार्वजनिक परिक्षण, चौमासिक तथा वार्षिक समीक्षा जस्ता सुशासनका औजारहरुलाई कडाइका साथ अवलम्बन गरिनेछ ।
- योजना शाखाको कार्यलाई डिजिटल गराउनको लागि सफ्टवेयर प्रयोग गरिनेछ ।
- विकास आयोजना छनोट गर्दा उत्पादन र रोजगारी सृजनालाई प्रमुख आधार मान्दै प्रतिफल सुनिश्चितता हुने आयोजना मात्र छनोट गरिनेछ ।
- योजना तोकिएको समयमा पुरा गर्ने गरी व्यवस्था गरिनेछ , समयमा काम समपन्न नगर्ने योजनाहरु खारेज गर्ने रणनीति लिइनेछ ।
- लागत साझेदारी मार्फत कार्यक्रमहरु संचालन गर्नको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

<u>कृषि सम्बन्धी नीति तथा कार्यक्रम:</u>

"उत्पादन संगै कृषि बजार, समुन्नत नगरको आधार" भन्ने नारालाई सफल बनाउन देहायका निति तथा कार्यक्रम तय गरिएको छ ।

- किसानको पहिचान, तीनै तहबाट संचालन हुने कृषि विकासका कार्यक्रमलाइ वैज्ञानिक, पारदर्शी र प्रभावकारी बनाउन, कृषकको मनोवल उच्च बनाउँदै कृषि विकासमा उत्प्रेरित गर्न , अनुदानका कार्यक्रमहरुलाइ व्यवस्थित गर्न र समग्रमा कृषि सुशासन प्रवर्धन गर्न नगरपालिकाभित्रका सम्पूर्ण कृषकहरुको सूचीकरण गरी किसान परिचयपत्र प्रदान गरिनेछ ।
- प्यूठान नगरपालिकालाई दुध र तरकारीमा आत्मनिर्भर बनाउन कृषकहरुलाई बजारीकरणमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिई थप व्यवस्थापन गरिनेछ ।
- बैंक तथा वित्तीय संस्थाहरुको साझेदारीमा कृषकहरुलाई सहुलियत ऋणको व्यवस्था गरिने छ ।
- तरकारी तथा दुग्ध उत्पादक कृषकहरुको प्रोत्साहनको लागी किसान पेन्सन लागु गरिनेछ जस्का लागी आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- किसानले उत्पादन गरेको उपजलाई खेत बारी देखि सजिलै बजार सम्म ढुवानीको लागि कृषि एम्बुलेन्सको व्यवस्थाको लागि पहल गरिनेछ ।
- जापान सरकारको सहयोगमा प्यूठान नगरपालिका-८ गेजबाङमा निर्माण भएको वेसार प्रशोधन केन्द्र संचालन गरी रोजगारी तथा कृषकको आयमा बृद्धि गरिनेछ ।
- नवीन कृषि प्रवर्धन कार्यक्रम अन्तर्गत नयाँ कृषि उपजहरुको परिक्षण खेती गरिनेछ ।साथै परम्परागत प्यूठानी रातोमुलाको प्रवर्धन गरी प्रदशनी समेत गर्ने व्यवस्था मिलाईनेछ ।
- नगरपालिकामा गुणस्तरीय बाली बिकासका लागि खाद्यान्न, तरकारी,मसलाबाली, फलफूलको उन्नत जातको विउ तथा विरुवा लागत सहभागितामा वितरण गरिनेछ ।
- कृषक तथा कृषक समूहहरुलाई लागत सहभागितामा भकारो सुधार, साना सिचाई र कृषि यान्त्रिकिकरणमा अनुदानको व्यवस्था गरिनेछ ।
- नगरपालिकाको स्वामित्वमा रहेको चिस्यान केन्द्रलाइ थप परिष्कृत गर्दै संचालनमा निरन्तरता दिईने छ ।
- व्यवसायिक मौरी पालन तथा मौरी चरण क्षेत्र बिस्तारलाई विशेष ध्यान दिईने छ ।
- नगरपालिकाको माथिल्लो भेगहरुमा कागती, अलैची, ओखर, कमला र सुन्तला खेतीलाई प्रोत्साहन गरिनेछ ।
- बढ्दै गईरहेको रासायनिक विषादीको प्रयोग न्यूनीकरण गर्न जैविक विषादीहरुको बारेमा व्यापक प्रचार प्रसार गरी जनचेतना जगाउने कार्यक्रम संचालन गरिने छ ।
- बगर खेतीको सम्भाव्यता अध्ययन मार्फत प्यूठान नगरपालिकाको नदी किनारमा रहेको जमिनको सदुपयोग हुनेगरी बगर खेती लाई प्रोत्साहन गरिनेछ ।
- पुराना र निस्कृय कृषक समूहहरुको पुनरताजगिकरण गरी सामुहिक कृषि खेतीलाई विशेष जोड दिईनेछ ।
- पुराना व्यवसायिक कृषकहरुलाई मूल्य शृङखला र मूल्य अभिबृद्धी मार्फत विभिन्न Post-harvest Products हरु निर्माण गरि अधिक आम्दानीमा सहयोग हुने क्रियाकलाप हरु संचालन गरिने छ ।
- नगरपालिकाका सम्पूर्ण वडाहरुमा रहेका अति बिपन्न परिवारहरुको खाद्य सुरक्षालाई ध्यानमा राखी करेसाबारी निर्माणका लागि विशेष सहयोग गरिनेछ ।

नगर प्रमुख

प्यूठान नगरपालिका
नगरपालिकाको कार्यालय
...यार, प्यूठान
...मी प्रदेश, नेपाल

- नगरपालिका क्षेत्र भित्रका नयाँ र क्षमतावान कृषिकहरुको पहिचान गरि उनीहरुलाई व्यवशायिक बनाउन उत्पादनमा आधारित अनुदानलाई प्रोत्साहन गर्ने र प्राविधिक सहयोग गरिनेछ।
- रासायिनिक मलको अभाव भएको र माटोमा कम हुदै गहिरहेको प्रांगारिक पदार्थको मात्रा बढाउने उदेश्यले भकारो तथा गोठे मल सुधार कार्यक्रम संचालनमा ल्याईनेछ।
- बैज्ञानिक र प्रविधियुक्त कृषि उत्पादन पद्दतिलाई विशेष ध्यानमा राखी कृषक क्षमता विकासमा जोड दिइने छ।
- कृषि विकास रणनीति (२०१५-२०३५) का सूचक तथा लक्ष्यहरुलाई विशेष ध्यानमा राखी कृषि सम्बन्धि सम्पूर्ण कार्यक्रमहरु संचालन गरिनेछ।
- मानव तथा वन्यजन्तुको द्वन्द्वको कारण वर्षेनी हुने बालीनालीको हानी नोक्सानी नियन्त्रणका लागि क्रमशः नगरपालिकाको निजि, सामुदायिक र सरकारी बनहरुमा फलफूल खेती गर्ने नीति लिईनछ।
- उत्कृष्ट कृषकहरुलाई सम्मान गरिनेछ।
- युवाहरुलाई उत्पादनमा प्रोत्साहित गर्नको लागि यूवा संग कृषि कार्यक्रम संचालन गरिनेछ।
- फलफुल नर्सरी र वेर्नारोपणलाई व्यापक रुपमा विस्तार गरी पालिकालाई सिजनल फलफुलमा आत्मनिर्भर गराईनेछ।
- जैविक मल उत्पादनलाई प्रोत्साहन गरी यसको प्रयोगलाई क्रमशः बढाउदै लगिनेछ।

<u>पशुपन्छी तर्फ</u>

- उन्नत पशुपालन प्रबिधिको प्रचार प्रसार गरी उन्नत पशुपालन व्यवसायतर्फ अग्रसर गराइनेछ।
- पशुधन संरक्षणका लागी विभिन्न रोग विरुद्दको खोप, रोग निदान सेवा, आन्तरिक तथा वाह्यपरजिवि नियन्त्रण सेवाका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरी पशुहरुको संक्रामक रोग नियन्त्रण गर्ने र पशुधनको सुरक्षा गरिनेछ।
- उन्नत घाँस खेतीको विस्तार गरी पशु आहाराको पूर्ति गरी उत्पादन लागत कम गरिनेछ।
- नश्ल सुधार गर्न कृत्रिम गर्भाधान कार्यलाइ वढी प्राथमिकता दिई उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ। .
- पशुपन्छीजन्य पदार्थ दुध, मासु, अण्डा र माछा उत्पादनमा वृद्धि गर्न कृषकहरुलाइ उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ।
- पशुपालन व्यवसायलाई व्यावसायीकरण गरी कृषकको आयआर्जन वृद्धि गरी पेशालाई मर्यादित र आत्मनिर्भर वनाइनेछ।
- सिपि प्रजातिको माछा पालनलाई प्रोत्साहन गरी आयआर्जनमा बृद्धि गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- पशुपन्छीजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गरी आन्तरिक माग पूर्ति गर्दै आयात प्रतिस्थापन गर्ने र निर्यात प्रवर्धन गरिनेछ।
- आयमुलक कार्यक्रमको रुपमा कुखुरा, बाख्रा, भैंसी र वंगुर पालन कार्यक्रम संचालन गरी रोजगारीका अवसरहरु सृजना गर्नुका साथै कृषकको आयमा वृदि गरिदै लगिनेछ।
- स्वस्थ पशुबाट स्वस्थ पशु उत्पादनको वृद्धि गरी आवश्यकता पूर्ति गर्ने र आयातलाइ प्रतिस्थापन गरिनेछ।
- पशुपन्छिहरुको उत्पादन तथा उत्पादकत्व बृदि गर्न संभाव्यताको आधारमा विभिन्न पशुपन्छिहरुको पकेट क्षेत्र पहिचान गरी सो पकेटहरुमा प्याकेजका कार्यक्रमहरु संचालन गरिनेछ।
- कृषकहरुले पालन गरेका पशुपन्छीहरुको मृत्यु पश्चात हुने नोक्सानी जोखिम कम गर्न पशुपन्छी विमा कार्यक्रमलाइ विस्तार गरिनेछ।
- एकिकृत रुपमा पशुस्वास्थ्य ,पशु विकास ,पशु आहारा ,तालिम , वजारीकरणका कार्यक्रमहरुलाई घरगोठमा संचालन गर्दै पशु सेवाका कार्यक्रमहरु विस्तार गरिनेछ।
- पशुपन्छीहरुमा विभिन्न रोगवाट हुन सक्ने क्षतिलाई वचाउनका लागी रोग निदान प्रयोगशाला सेवा विस्तार गरिनेछ, रोग नियन्त्रण खोप र उपचार सेवामा अभिबृद्दि गर्दै लगिनेछ।
- जनजाति, दलित तथा पिछडीएका र गरिवीको रेखामुनि परेका समुदायमा कुखुरा पालन, वंगुर पालन र वजारको मध्यनजर गरी गाई भैंसी पालन कार्यक्रम संचालन गरिनेछ।
- यूवाहरुलाई स्थानीय स्तरमानै रोजगारीका अवसरहरु प्राप्त हुने किसिमका सीपमुलक तालिम दिई रोजगारीमा वृद्धि गर्दै लगिनेछ।
- भौगोलिक क्षेत्र र तुलनात्मक लाभको आधारमा सुहाउदो पशु पालन व्यवसायलाइ उत्पादनमा आधारित अनुदान दिई प्रोत्साहन गरिनेछ।
- ब्यवसायिक कृषकहरुलाई सुलभ र सहज तरिकाले सस्तो व्याजमा ऋण उपलब्ध गराउन स्थानीय वित्तिय संस्थाहरुसंग समन्वय गरिनेछ।
- दुधजन्य र मासुजन्य पदार्थमा आत्मनिर्भर नगरपालिका वनाउन आवश्यक वजेटको व्यवस्था मिलाइनेछ। कुखुरापालक कृषक, दाना व्यावसायी, मासु व्यावसायी र उपभोक्ताको सर्वपक्षीय हितलाई मध्यनजर गर्दै आवश्यक समन्वय र सहजीकरण गरिनेछ।
- सिमसार क्षेत्रमा माछा पालन गर्न प्रोत्साहन गरिनेछ। झिमरुक नदीमा माछाका भुराहरु छोडिनेछ।



नगर प्रमुख

नगर ... नगरपालिका
...को कार्यालय
प्युठान
नेपाल

CamScanner

**आर्थिक विकास तर्फको नीति तथा कार्यक्रम:**

- लक्षित बर्ग तथा पिछडिएका बर्गहरुलाई विभिन्न सीप बिकास तालिम तथा सशक्तिकरण कार्यक्रम संचालन गरी आय आर्जनमा वृद्धि गरिनेछ।
- विपन्नहरुको चुल्होमा स्थानीय सरकार कार्यक्रम संचालनको लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरिनेछ।
- विपन्न परिवारलाई कम्तिमा १०० दिन रोजगारी प्रदान गर्नको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।
- गरिवी निवारणका लागि लघुउद्यम कार्यक्रम (MEDPA) अन्तरगतका कार्यक्रमहरुलाई थप व्यवस्थित गरी उद्यमशिलता तर्फ अग्रसर हुन प्रेरित गरिनेछ।
- आय आर्जनको लागि ब्यावसायीक कृषि तथा पशुपंक्षीपालन तर्फ अग्रसर हुने गरी कार्यक्रमहरु संचालन गरिनेछ।
- यस प्यूठान नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण प्राईभेट, ब्यावसायिक, निर्माण ब्यावसाय फर्महरुको नियमित अनुगमन गरी नेपाल सरकारको नीति अनुरुप सम्बन्धित निकायमा दर्ता/नविकरण गरेर मात्र संचालन गर्ने ब्यबस्था मिलाइनेछ।
- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(NEFSCUN)को साझेदारी मार्फत सहकारीहरुमा आधारशिला कार्यक्रम सञ्चालन तथा सहकारीहरुलाई लेखाप्रणाली व्यवस्थापन गर्न सहकारी विभागद्वारा विकसित सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS ) मा आवद्ध गर्दै लगिनेछ।
- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको नीति, निर्देशिका बमोजिम नयाँ फर्म दर्ता गर्ने, नबिकरण गर्ने र नियमानुसार खारेज र नामसारी गर्न समेत सकिने नितिको अबलम्बन गरिनेछ।
- सहरकारी संस्थाहरु स्थापनाको उदेश्य अनुरुप संचालन गरिनेछ।
- नगरपालिका स्तरमा हस्तान्तरण तथा दर्ता भई सन्चालनमा रहेका फर्महरुको लगत संकलन गरी डिजिटाईजेशन गरिनेछ।
- लघू, घरेलु तथा साना उद्योगहरुबाट उत्पादित वस्तुहरुको बजारीकरणको व्यवस्थाका लागि कोसेली घरलाई थप व्यवस्थित गर्दै लगिनेछ।
- नगरपालिका क्षेत्रभित्र क्रियाशिल गैर सरकारी संघ संस्थाहरुको कार्यक्रमलाई नगर तथा वडाहरुमा समन्वयात्मक रुपमा कार्य गर्ने गरी परिचालन गरिनेछ र गैर सरकारी संस्था(सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१ बमोजिम समन्वय तथा अनुगमन सम्बन्धी क्रियाकलाप प्रभावकारी बनाईनेछ।
- प्यूठान नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण सहकारी संस्था, गरिवी निवारण कोष कार्यक्रमबाट गठन भएका सामुदायिक संस्थाहरु लगायत अन्य कार्यक्रमहरुको नियमित अनुगमन गरी साधारणसभा, नविकरण, लेखापरिक्षण, बचत खाता, ऋण खाता, खर्च खाता तथा खप्ने सामानहरुको जिन्सी खाताहरु अद्यावधिक गर्न लगाईनेछ। सहकारीहरुलाई नेपाल सरकारको नीति अनुसार एकिकरण गर्ने तर्फ अग्रसरता लिईनेछ। निष्कृय भएका सहकारी तथा सामुदायिक संस्थाहरुलाई सकृय गराउन प्रयास गरिनेछ र सकृय हुन नसकेमा हिसाब मिलान गरी खारेज गरिनेछ।
- नगरपालिका भित्र गठन भएका  सहकारी मध्ये अनुगमन गरी तथ्यांक संकलन गरी सकृय सहकारी, मध्यम सहकारी र निष्कृय सहकारीको रुपमा बर्गिकरण गरी सहकारीहरुको पार्श्वचित्र तयार गरिनेछ।
- सहकारीहरुले विनियम बमोजिम नै कारोवार तथा क्रियाकलापहरु संचालन गर्न सहजिकरण गर्ने, विनियममा उल्लेख नभई क्षेत्रगत कारोबार गरीरहेका सहकारीहरुलाई विनियम संशोधन गरेर मात्र सम्बन्धित कारोबार गर्न लगाईने छ।
- सहकारीमा आबद्ध कर्मचारी तथा पदाधिकारीहरुको  क्षमता अभिबृद्धी गरी प्रविधी मैत्री बनाउन जोड दिईनेछ।
- सहकारीका कर्मचारी तथा पदाधिरकारीहरुलाई लेखा तथा जिन्सी सम्बन्धी तालिम संचालन गरिनेछ।
- गरीवी निवारण कोष कार्यक्रमबाट गठन भई बर्षौं देखि निस्कृय भएका सामुदायिक संस्थाहरुको पहिचान गरी हिसाब मिलान तर्फ अग्रसर गरिनेछ।
- कृषि पशुपंक्षी तथा लघू उद्यमीको उत्पादन लागतमा अनुदान व्यवस्था गरी उत्पादन र वजारीकरणलाई थप टेवा पुर्याइनेछ।
- सहकारी क्षेत्रको परिचालन मार्फत साना तथा लघु उद्योगहरुको स्थापना मार्फत रोजगारी सृजना गरिनेछ।
- नगरपालिका भित्र उत्पादित हुने कृषिजन्य र उद्योगजन्य वस्तुहरुको प्रयोगलाई प्राथमिकता दिइनेछ।
- नगरपालिका क्षेत्र भित्र स्थानीय श्रोत साधन र आवश्यकता अनुसार उद्योग स्थापनाको लागि सहकारी तथा निजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ।
- समस्याग्रस्त सहकारीहरुको समस्या समाधानका लागि पहल गरिनेछ।



नगर प्रमुख

CamScanner

पूर्वाधार तर्फ

- एक घर एक धाराको नीतिलाई कार्यक्रममा रुपान्तरण गरी क्रमबद्ध रुपमा सम्पन्न गरिनेछ।
- प्रत्येक वडाहरुमा १/१ वटा कालोपत्रे सडकको कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।
- टोलस्तरका बाटोहरुमा लागत साझेदारी गर्न ईच्छुक टोल बिकास संस्थाका योजनाहरुको निर्माणलाई विशेष प्राथमिकता दिईनेछ।
- सञ्चालनमा रहेका सडकहरुको स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ।
- विजुवार पक्कीपूल देखि नगरपालिका प्रशासनिक भवन सम्मको बाटोलाई कालोपत्रे तथा सौन्दर्यकरण गरिनेछ।
- झोलुङ्गे पूल निर्माणलाई निरन्तरता दिन लागत सहभागिताको रकम व्यवस्थापन गरिनेछ साथै निर्मित झोलुङ्गे पुलको संरक्षणलाई निरन्तरता दिईनेछ।
- अव्यवस्थित रुपमा संचालन भईरहेको साना गाडी, मोटरसाईकल मर्मत केन्द्रहरु केन्द्रिकृत गरी व्यवस्थित अटोभिलेज नगरपालिकाको स्वामित्वमा सञ्चालनमा ल्याईनेछ।
- निर्माण हुने सबै नयाँ सडक तथा हाल रहेका सवै सडकहरुको संरक्षणको लागि क्रमिक रुपमा नाला निर्माण गर्दै लगिनेछ।
- सिचाई योग्य जमिनमा सिचाइका पूर्वाधारहरु निर्माण गरिनेछ र निर्मित सिचाईका पूर्वाधारहरुको मर्मत तथा सम्भारको कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।
- नगरपालिकाको आम्दानी संग जोडिने गरी औद्योगिक ग्राम सञ्चालन प्रक्रिया कानून अनुसार प्रक्रिया अगाडी बढाईनेछ।
- भवन निर्माण आचारसंहितालाई कडाई पूर्वक लागु गरिनेछ। घर अभिलेखीकरण सम्बन्धी कार्यलाई निरन्तरता दिईनेछ।
- सार्वजनिक भवनहरु निर्माण गर्दा अनिवार्य रुपमा संघीय भवन निर्माण मापदण्ड लागू गरिनेछ।
- योजना तर्जुमा गर्दा स्थानीय आवश्यकता, उपलब्ध श्रोत साधन र प्राविधिक दृष्टिले लाभदायी हुने र उत्कृष्ट प्रतिफल दिने योजना छनौट गर्ने कार्यलाई थप प्राथमिकिकरण दिइ योजना छनौट गरिनेछ।
- प्यूठान नगरपालिका भित्र रहेका टिकुरी बसपार्क र शहीद पार्कलाई कार्यविधी अनुसार सार्वजनिक निजी साझेदारीमा संचालन गरिनेछ।
- प्यूठान नगरपालिका ३ मा रहेको जुम्री बसपार्कलाई आफ्नै स्वामित्वमा लिन पहल गरिनेछ।
- उपभोक्ता, निर्माण व्यवसायी वा अन्य निकायवाट योजना कार्यान्वयन गर्दा बजेटको र कृयाकलापको विवरणलाई थप स्पष्ट हुने गरी मिति र सरोकारवाला समुदाय र पक्षलाई जानकारी दिनु पर्ने नीतिलाई प्रभावकारी रुपमा अगाडी वढाइनेछ।
- नगर क्षेत्रभित्रका खोला नाला, खोल्सीहरुमा पक्की पुल, झोलुङ्गे पुल, ट्रस ब्रीज र कल्भर्ट निर्माण गरी आवागमनलाई सहजता प्रदान गर्ने नीति लिइनेछ।
- स्वीकृत कार्यक्रम र कृयाकलाप अनुसार समय अवधि भित्र कार्य सम्पन्न गर्ने गराउने कार्यलाई प्रभावकारी रुपमा अगाडी वढाइनेछ।
- बृहत विजुवार साना शहरी खानेपानी तथा सरसफाई संस्थालाई व्यवस्थापकीय पक्षमा सहयोग गर्दै लगिनेछ।
- नगरपालिकामा उपभोक्ता समितिबाट संचालन हुने स-साना भौतिक पूर्वाधार निर्माणका योजनाहरुमा मेसिनरी उपकरण (डोजर) प्रयोग निरुत्साहित गरी मानव संसाधनको परिचालन गरी रोजगारी सृजना गरिनेछ।
- समपुरक अनुदान, सडक बोर्डका कार्यक्रमहरु र झोलुङ्गे पुल कार्यक्रममा लागत सहभागिताकालागि समपुरक कोषको व्यवस्थापन गरिनेछ।
- नगरभित्र सवै क्षेत्रमा विद्युतको थ्री फेज लाईन विस्तारका लागि क्रमवद्ध रुपमा पहल गरिनेछ।
- नगरपालिका क्षेत्र भित्र भएका खेलमैदानहरुको निर्माण तथा स्तरउन्नती गरिनेछ।
- नगरपालिकामा निर्माण हुने सार्वजनिक भवनहरु अनिवार्य रुपमा अपाङ्गमैत्री र लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अनुरुप हुनुपर्ने व्यवस्था लागु गरिनेछ।

सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

- नगरपालिका वा सो अन्तरगतका निकायबाट प्रवाह गरीने सेवा प्रवाहलाई पारदर्शी बनाउन प्रविधिमैत्री सेवा प्रवाह गरिनेछ।
- कर्मचारी प्रोत्साहनको लागि कार्यसम्पादनको आधारमा प्रत्येक नगरसभामा उत्कृष्ट कर्मचारीलाई सम्मान गरिनेछ।
- पालिकाको पहिचान झल्कने प्रतिक चिन्ह(LOGO) निर्माण गरी प्रयोगमा ल्याईनेछ।
- मदिरा उत्पादन विक्रि वितरण तथा ओसारपसार लाई व्यवस्थित गरिनेछ। मदिरा सेवन क्रियालाई निश्चित स्थान र समय तोकिनेछ। यसको लागि मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधी बनाई लागु गरिनेछ।
- नागरीक सहायतालाई भौतिक तथा मौजुदा जनशक्तिको उचित परिचालन गरी सुदृढ बनाउदै लगिनेछ।
- नगरपालिका कार्यालय, वडा कार्यालय र प्यूठान अस्पताललाई Free WiFi Zone बनाईनेछ।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख



CamScanner

- प्यूठान नगरपालिकाको कानून तर्जुमा सम्बन्धी कार्यविधी , २०८१ अनुरुप कानूनको तर्जुमा सम्बन्धीमा माग संकलन, मस्यौदा तयार, तर्जुमा र राजपत्र प्रकाशन कार्यलाई प्रभावकारी बनाईनेछ।
- नगरपालिकाको वेवसाईट मार्फत प्रत्येक क्रियाकलापहरुको विवरण तथा फोटोहरु नियमित अद्यावधिक गरिनेछ।
- वडाको कार्यसम्पादन सुधारको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गरिनेछ।
- वडा कार्यालय नभएको वडाहरुमा जग्गाको व्यवस्थापन गरी वडा कार्यालयहरु निर्माण गर्दै लगिनेछ।
- प्रत्येक वडा तथा शाखामा सेवाग्राहीको सेवा सन्तुष्टी मापनको लागि आवश्यक व्यवस्था मिलाईनेछ।
- सेवाग्राही र सेवा प्रदायक विच नियमित संवाद मार्फत सम्पादीत कामको विषयमा सेवा ग्राहीको पृष्ठपोषण लिन गुनासो तत्काल सम्बोधन गर्ने र कार्य सम्पादनमा सुधार ल्याउन आवश्यक कार्य गरिनेछ।
- गुनासो सुनुवाईलाई digitize गर्दै लैजाने र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ।
- स्थानीय तह भित्रका बजार अनुगमनलाई प्रभावकारी र सघन बनाउने। कालो बजारी चोक चोकमा भएका यातायातका सिन्डीकेटहरु जस्ता अवान्छित र गैर कानुनी कृयाकलापलाई स्थानीय प्रशासन संग सहकार्य गरी कडाइका साथ नियन्त्रण गरी जनतालाई गाउँको सिहदरवाको अनुभुति गराउने।
- नगरपालिकामा नगर प्रहरीको व्यवस्था गरिनेछ।
- नगरपालिकामा भएका वेरुजुको न्युनिकरण र फस्यौट कार्यलाई अभियानको रुपमा सञ्चालन गर्ने। वित्तिय सुशासन कायम गर्दै वेरुजु आउनै नदिने परिपाटिको विकास गर्ने।
- प्यूठान नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धि प्रतिवेदन यसै नगरसभाबाट पारित गरी कार्यान्वयनमा लगिनेछ।
- प्यूठान नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- प्यूठान नगरपालिकाको मध्यमकालिन खर्च संरचना तयार गरिनेछ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारी र जनप्रतिनिधिहरुलाई तालिमको व्यवस्था गरिनेछ।
- प्यूठान नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक र सरकारी जग्गाहरुको लगत संकलन गरी अभिलेख राखिनेछ।
- प्यूठान नगरपालिकाको जग्गा वर्गिकरण तथा भू-उपयोग नीतिको प्रतिवेदन यसै सभाबाट पारित गरी कार्यान्वयनमा लगिनेछ।
- नगरपालिकाबाट हुने गतिविधिमा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ।
- नगरप्रमुखले प्रमुख प्रशासकीय अधिकृत संग कार्यसम्पादन सम्झौता गर्ने र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख तथा वडा सचिवहरुसंग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाईनेछ। सबै कर्मचारीहरुको कार्यविवरण उपलब्ध गराई दण्ड र पुरस्कारलाई कार्यसम्पदान संग आवद्ध गरिनेछ।
- सेवा प्रवाहको मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ।

<u>न्यायिक समिति तर्फका नीति तथा कार्यक्रमहरु</u>

- स्थानीय तहका विवादहरु स्थानीय तहमानै समाधानका लागि "विवादको साटो मेलमिलापको बाटो"अभियान समुदाय तहसम्म सचेतनाका माध्यमबाट संचालन गरिनेछ।
- कानून र लैङ्गिक हिंसा न्यूनिकरणका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम मार्फत प्रत्येक वडाहरुमा उत्पादन गरीएका जनशक्तीको प्रयोग गरी लैङ्गिक हिंसा न्यूनिकरणको कार्यक्रम अगाडि वढाउने र कानून ईकाइमा सुचिकृत मेलमिलापकर्ता र मनोसामाजिक परामर्शकर्ताहरुलाई समुदायस्तरमा परिचालन गरी समस्याहरु मेलमिलाप केन्द्रमै समाधान गर्ने वातावरण मिलाईनेछ।
- जिल्लास्तरमा अन्यपालिकाहरुसगँ समन्वय गरी एकीकृत सुरक्षित आवास गृह (safe house) निमार्णमा सहयोग गरिनेछ।
- मेलमिलापकर्ताहरु समेतलाई संलग्न गराउदै प्यूठान नगरपालिकाको नेतृत्वमा जिल्ला स्तरीय न्यायिक सम्मेलन आयोजना गरिनेछ।

<u>रोजगार तर्फ</u>

- नगरपालिकाबाट सञ्चालन हुने योजनाहरुमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा संलग्न गराइनेछ।
- रोजगारी सृजना गर्दा निम्न आर्थिक अबस्था भएका परिवारका सदस्यलाई प्राथमिकतामा राखी अवसर दिइनेछ।
- रोजगारी सृजना गर्दा सडक निर्माण तथा मर्मत सम्भार, कृषि तथा सिंचाई, ग्रामीण खानेपानी, स्वास्थ्य तथा सरसफाई, शिक्षा, वन तथा जलाधार, पर्यटन क्षेत्रहरुमा केन्द्रित गरिनेछ।
- पानीको मुल संरक्षणको लागि उपयुक्त स्थलहरु छनौट गरी सबै वडाहरुमा पानी पुनर्भरण पोखरी निर्माण कार्यलाई अभियानको रुपमा अघि बढाईनेछ।



नगर प्रमुख

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

CamScanner

महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा तर्फ

- महिला, बालबालिका, जेष्ठ नागरीक तथा अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरी तथ्याङ्क अध्यावधिक गरिने छ।
- नगरपालिकाबाट निर्माण हुने भौतिक संरचनाहरु अपांगमैत्री, महिला मैत्री बनाइनेछ।
- बाल क्लवहरु गठन सञ्चालन र परिचालन गर्न बजेटको व्यवस्था गरिनेछ।
- घरेलु हिंसा, लैंगिक हिंसा विरुद्धका अभियानहरु सञ्चालन गर्दै नगरपालिकामा हिंसा न्युनिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- प्यूठान नगरपालिकालाई लैंगीक हिंसामुक्त नगर घोषणाका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- हिंसा पिडित महिला,आर्थिक रुपले विपन्न महिला,अपाङ्गता भएका व्यक्तिहरुको लागि सीपमुलक तालिमहरु प्रदान गरी आत्मनिर्भर गराईनेछ।
- नगरपालिकाभित्रका सवै वडाहरुमा जेष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ।
- जेष्ठ नागरीकहरुमा भएका ज्ञान र सीपलाई तल्लो पुस्तामा हस्तान्तरण गर्नको लागि कार्यक्रम सञ्चालन गरिनेछ।
- प्यूठान नगरपालिकामा भएका ग र घ वर्गका अपांगता भएका व्यक्तीहरुलाई प्रदान गर्दै आएको भत्तालाई निरन्तरता दिइने छ।
- जनयुद्ध तथा जनआन्दोलनका सहिद परिवार, वेपत्ता परिवार, घाइते, अपांग तथा द्वन्द्व पिडितहरुलाई उनीहरुको माग र आवश्यकताका आधारमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- सामाजिक सुरक्षा भत्तालाई लाभग्राहीको घरदैलोमा पुर्‍याउने कार्यलाई निरन्तरता दिईनेछ।
- दलित महिला अपाङ्ग र द्वन्द पिडितहरुलाई उद्योग स्थापनामा सहुलियत सहित प्रोत्साहन गरिनेछ।
- दलित आमा समूह भवन निर्माण कार्यक्रम सञ्चालन गरिनेछ।
- लागु औषध दुर्व्यसन तथा आत्महत्या निर्मूलीकरण सम्बन्धि कार्यक्रमहरु विद्यालयस्तर, वडास्तरमा सञ्चालन गरिनेछ।
- बालमैत्री वडा तथा पालिका घोषणा कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।
- नगरपालिकालाई बाल विवाह मुक्त पालिका घोषणा गर्ने लक्ष्य राखी कार्यक्रम अगाडि बढाईनेछ। विद्यालयमा किशोरी आत्मरक्षा तालिम संचालन गरिनेछ।

सूचना प्रविधि तर्फका नीति तथा कार्यक्रम

- नगरपालिकामा सूचना केन्द्र स्थापना गरी सेवा प्रवाहलाई सुचनामैत्री बनाईनेछ।
- नगरपालिकाका जरुरी दस्तावेज तथा रिपोर्टहरु भण्डारणका लागि cloud based server सुचारु गरिनेछ।
- कार्यालयको वेवसाइट र मोबाइल एप मार्फत नगरपालिकाको नीति, नियम, कार्यक्रम र सम्पूर्ण आय-व्यय विवरणहरु सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ।
- डिजिटल बोर्ड जडान गरी नगरपालिका भित्रका पर्यटकीय तथा गौरबका योजनाहरुको भिडियो तयार गरी प्रचारप्रसार तथा प्रशारण गर्ने व्यवस्था मिलाईनेछ।
- नगरकार्यपालिका, वडा कार्यालयहरु र अन्तर्गतका प्रशासनिक ईकाइहरुमा सञ्जालीकरणका माध्यमबाट श्रव्य-दृष्य नागरीक वडापत्र, गुनासो व्यवस्थापन सूचना प्रणाली, टोल फ्री नम्बर, श्रव्य सूचना वोर्ड, अन्य विभिन्न व्यवस्थापन तथा सूचना प्रणालीहरु, नगर पार्श्व चित्र, सिसि क्यामेरा, ईमेल, जनसंख्या गणना तथ्याङ्क, भू-सूचना, अनलाईन वैठक सफ्टवेयरहरु र म्यासेजिङ समेत एकीकृत रुपमा सञ्चालन गरिनेछ।
- नागरीकहरुलाई पालिकाको कोठा कोठा धाउने परिस्थितिको अन्त्यको लागि सेवा प्रबाहलाई प्रविधिमैत्री बनाईनेछ।
- सूचना प्रविधिको प्रयोग गरी तथ्याङ्कको संकलन, अद्यावधिक र अभिलेख व्यवस्थापन गरिनेछ।
- दर्ता चलानी र सिफारिस प्रकृयालाई सूचना प्रविधि मैत्री बनाईनेछ।
- सफ्टवेयर मार्फत पारिवारिक लगत संकलन गरी डीजीटल database लाई Upgrade गरिनेछ।
- नगरपालिका भित्रका महत्वपूर्ण स्थानहरुको GIS MAP तयार गरिनेछ।
- प्रत्येक शाखाहरुका फाईलहरु सर्भर BACKUP गरिनेछ।
- DOIT को सहयोगमा विधालयहरुमा DIGITAL TEACHING AND E-LEARNING को व्यवस्था मिलाईनेछ।
- वडा, स्वास्थ्य संस्था तथा सामुदायीक विधालयहरुमा ई-हाजिरीको RECORD नगरपालिका मा अभिलेख व्यवस्थापन गरिनेछ।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

राजस्व तर्फ

- आन्तरिक राजस्वका प्रमुख श्रोतहरुको सम्भाव्यता पहिल्याई समस्याको पहिचान गरी प्रभावकारी कार्यान्वयनको निति अवलम्बन गरीने छ।
- राजश्व सूधार कार्ययोजना तर्जुमा गरी नगरपालिकाको आन्तरिक राजश्व वृद्धिका लागि आवश्यक कार्यहरु गरीने छ।
- समयमै कर तिर्ने करदातालाई प्रोत्साहन र पुरस्कृत गर्ने तथा कर तिर्न अटेरी गर्ने वा कर नतिर्ने प्रवृत्तिलाई निरुत्साहित गरीने छ।
- नियमित अनुगमन टोली परिचालन गरी करको दायरामा नआएका करदाता एवं व्यवसायीहरुको पहिचान गरी करको दायरा भित्र ल्याइने छ।
- करको दायरालाई बढाउदै "कर प्रणालीमा सुधार, नगरपालिका विकासको मुल आधार" भन्ने अवधारणा अनुसार अघि बढिनेछ।
- प्रगतिशिल कर प्रणालीलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।
- जनताको कर जनतालाई नै भन्ने सिद्धान्तलाई सार्थक बनाउन करदाता शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरपालिकामा तिर्नुपर्ने सम्पूर्ण करहरुलाई महालेखा नियन्त्रकको कार्यालयद्वारा विकसित सफ्टवेयर (SuTRA)मा आवद्ध गरी कर संकलन गरिनेछ ।
- घर बहाल कर असुलउपर गर्दा नगरबासीहरुको स्वघोषणाको आधारमा आर्थिक ऐनमा उल्लेख भएको दर अनुसार गरिनेछ।
- नदीजन्य पदार्थको प्रभावकारी उपयोग गर्न आवश्यक प्रबन्ध मिलाईनेछ।

विपद तथा वातावरण तर्फ

- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तथा जोखिम न्यूनीकरण कार्ययोजना बनाइ लागु गरीनेछ।
- विपद जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरुको पहिचान गरी स्थानान्तरणको लागि पहल गरीनेछ।
- आगलागीबाट वस्ती तथा वन जंगल संरक्षणको लागि अग्नीरेखाको निर्माण गर्ने र नदी तथा खोला कटान र वाढी पहिरो नियन्त्रणको लागि तटवन्धन निर्माण गरीनेछ।
- वृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरी वातावरण संरक्षणमा थप ध्यान दिइनेछ।
- विपद कोष स्थापना गरी तत्काल राहत, विपद प्रतिकार्य, विपद व्यवस्थापन र विपद न्यूनीकरणको कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ।
- नगर क्षेत्रभित्रका सरकारी वन, सामुदायिक वन तथा कबुलियती वनक्षेत्रलाई व्यवस्थित गरी वन संरक्षण तथा प्रवर्द्धन गरिनेछ।
- कुहिने र नकुहिने फोहोरलाई श्रोतमानै वर्गिकरण गरी फोहोरलाई मोहोरमा बदल्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- विपद पूर्व सूचना प्रणालीको स्थापना गरी विपदवाट हुने नोक्सानीलाई न्यूनीकरण गरिनेछ।
- सफा र सुन्दर नगर स्थापना लागि प्रत्येक वस्तीहरुमा टोल विकास संस्था गठन गरी चेतनामूलक तालिम दिइ सरसफाइमा संलग्न गराइने छ।
- पूर्ण सरसफाईयूक्त र वातावरण मैत्री नगर स्थापनाको लागि नगरपालिकावाट थप पहल गरिनेछ।
- प्लाष्टिक झोला निरुत्साहित गर्न आवश्यक पहल गरिनेछ।
- नदी तथा खोलाहरु स्वच्छ राख्न चेतनामूलक कार्यक्रम सञ्चालन गरी नदी तथा खोलाहरुमा फोहर फ्याक्नवाट रोकिने छ र नदी किनारामा सुन्दर उद्यान निर्माण कार्यलाई अगाडी बढाइनेछ।
- झिमरुक करिडोरलाई हरित सडकका रुपमा स्तरउन्नती गरिनेछ।
- झिमरुक नदी, जुम्रीखोला, खप्रेङखोला, भुसवाङ खोला, दहखोला, लुङ खोला, दहरेखोला, चुदरीखोला, चितिखोला, ढुंगेठाटी खोलाबाट हुने कटानलाई नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ।
- झिम्रुक नदीमा रहेको ढुंगा गिट्टि उत्खननलाई व्यवस्थापन गर्न आवश्यकताअनुसार मेसिनरी औजार (डोजर) को प्रयोग गरिनेछ।
- सहरी सौन्दर्य र स्वच्छताको लागि नदी किनार र बजारका सडक तथा खाली जमिनमा विरुवा रोप्ने साथै समुदायको सहकार्यमा एक वडा एक पार्कको नीति बनाउने।

पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

- पर्यटकीय स्थल, पार्क, सांस्कृतिक सम्पदाहरुको व्यवस्थापन निर्देशिका, २०८१ लाई कार्यान्वयनमा लगिनेछ।
- भित्रिकोट, खैराकोट,शहीद पार्क, दाखाकोट, झुलेनी, लिस्ने, मरन्ठानाकोट, बाइसधारा,युद्ध पर्यटकीय स्थल, ठुला मूल, साततले लभडाँडा पर्यटकीय क्षेत्र, गेजबाङ सहिद पार्क, धर्मावती, नेपाने पर्यटकीय स्थल,सालघारी सिस्टरपार्क लगायत अन्य पर्यटकीय क्षेत्रहरुलाई थप विकास गरी पर्यटकहरुलाई भित्राउनमा जोड दिइनेछ।



प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

- वहु उद्धेश्यीय सभाहल निर्माणको गुरु योजना अनुसार निर्माणको कार्यलाई अगाडी बढाइनेछ।
- नगरपालिका भित्र भएका पर्यटकिय क्षेत्रको पहिचान गरी संरक्षण र प्रवर्द्धन गरीने छ।
- पर्यटन प्रवर्द्धनका लागि संघ प्रदेश र सरोकारवाला संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।
- होमस्टे सञ्चालन गरी पर्यटन प्रवर्द्धन गर्दै रोजगारी समेत सृजना गरिनेछ।
- एक वडा एक साँस्कृतिक ग्राम अन्तरगत प्यूठान नगरपालिका वडा नं ७ र वडा न ४ मा खस आर्य साँस्कृतिक ग्राम निर्माणलाई निरन्तरता दिइनेछ।
- एउटा वडामा कम्तीमा पनि एउटा आकर्षण पर्यटकीय गन्तव्यको विकास गरिनेछ।

उपरोक्त नीतिका आधारमा कार्यक्रम र बजेट सम्मानित सभामा प्रस्तुत गरिनेछ। बजेटको कार्यान्वियनको लागि सबै जनप्रतिनिधीहरु, राष्ट्रसेवक कर्मचारीहरु, सम्बद्ध निकायहरु साथै सम्पूर्ण नगरबासीहरुमा रचनात्मक सहयोगको अपेक्षा गरेको छु। यस नगरपालिकाको सीमित श्रोत र साधनले सम्बोधन गर्न नसकेका नगरका गौरवका आयोजनाहरु, अन्य स्वीकृत आयोजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गरी नगरपालिकाको समग्र विकास निर्माणलाई पूर्णता दिने कार्यमा संघ तथा प्रदेश सरकारसंग आवश्यक सहयोगको लागि हार्दिक अनुरोध गर्दछु। यस घोषित नीतिबाट प्यूठान नगरपालिकालाई समृद्ध बनाउने दिशातर्फ अग्रसर हुन जनप्रतिनिधीज्यू, विषयगत समितीहरु, कार्यालय प्रमुख एवम् कर्मचारीहरुलाई अनुरोध गर्दै नीति तथा कार्यक्रम निर्माणमा सहयोग पुर्‍याउनु हुने सबैलाई धन्यबाद ज्ञापन गर्दछु।

धन्यबाद।

विष्णु वहादुर योगी
नगर प्रमुख
प्यूठान नगरपालिका प्यूठान
मितिः २०८१।०३।१०

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

## नगरसभाका विविध निर्णयहरु

प्यूठान नगरकार्यपालिकाको कार्यालय, विजुवार ,प्यूठान र वडा कार्यालयहरुको सेवा प्रवाह चुस्त राख्न, सुशासन र सुव्यवस्थापन कायम राख्न गर्नु पर्ने निर्णयहरुका साथै थप योजनाहरु अनुमोदन गर्न र रकमान्तर गरिएका योजनाहरु नगरसभाबाट पारित गरी प्रचलित कानुन परिपालना गर्नुपर्ने भएकोले प्यूठान नगरपालिकाको नगरसभाले विविध निर्णयहरु पारित गरेको छ ।

**१) करारका कर्मचारीहरुको म्याद थप सम्बन्धमा :**

प्यूठान नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विषयगत शाखाहरु र स्वास्थ्य संस्थाहरुमा कार्यरत तपसील बमोजिमका पदहरुमा कार्यरत कर्मचारीहरुको मिति २०८१।०४।०१ देखि २०८२ असार मसान्तसम्म थप गर्ने । यसरी थप गरिएका करार कर्मचारीसँग कार्यालयले ६/६ महिनामा करार सम्झौता गरी कामकाजमा लगाउने र कार्यसम्पादनमा कमजोर तथा जिम्मेवारी बहन गर्न नसक्ने कर्मचारीहरुलाई जुनसुकै बखत हटाउने ।

तपसिल

**म्याद थप गर्नु पर्ने करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण**

| सि.नं. | नाम थर | पद |
|---|---|---|
| १ | आषिश पोख्रेल | सूचना प्रविधि अधिकृत |
| २ | माधव गिरी | रोजगार संयोजक |
| ३ | श्रीधर पोख्रेल | सव इन्जिनियर |
| ४ | बिकास के.सी. | सव इन्जिनियर |
| ५ | राजिव कुमाल | सव इन्जिनियर |
| ६ | शंकर खड्का | एम.आइ.एस. अपरेटर |
| ७ | बेगम वहादुर के.सी. | फिल्ड सहायक |
| ८ | पुष्कर शर्मा | सहायक कम्प्यूटर अपरेटर |
| ९ | सिजन गिरी | रोजगार सहायक÷ स.पाचौं |
| १० | सागर नेपाली | रोजगार प्राविधिक सहायक |
| ११ | ज्ञानेन्द्र बहादुर पुन | सहायक कम्प्युटर अपरेटर |
| १२ | हरि पौडेल | अमिन |
| १३ | हिरा गिरी | अ.स.ई |
| १४ | केशव गिरी | खा.पा.स.टे. |
| १५ | झग वहादुर वुढा | अ.स.ई |

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CamScanner

| | | |
|---|---|---|
| १६ | प्रकाश प्रसाद कर्माचार्य | कम्प्यूटर सहायक |
| १७ | दिपक पौडेल | कम्प्यूटर सहायक |
| १८ | मना धामी | सा.प. गरिवसंग विश्वेश्वर |
| १९ | अनिता के.सी. | सा.प. गरिवसंग विश्वेश्वर |
| २० | विजयालक्ष्मी श्रेष्ठ | ना.प.शे.प्रा. |
| २१ | अनिता के.सी. | ना.प्रा.स. |
| २२ | शुसिल के.एम. | ना.प्रा.स. |
| २३ | श्रीधरा पण्डित | ना.प्रा.स. |
| २४ | सिमा अधिकारी | ना.प्रा.स. |
| २५ | सोनम कार्की | ना.प.शे.प्रा. |
| २६ | सुनिता के.सी. | ना.प्रा.स. |
| २७ | जिवराज पुलामी | ना.प्रा.स. |
| २८ | शारदा विश्वकर्मा | उद्यम विकास सहजकर्ता |
| २९ | निलम पोख्रेल | उद्यम विकास सहजकर्ता |
| ३० | पार्वता शर्मा | वहुक्षेत्रीय पोषण कार्यक्रम |
| ३१ | सिता पाण्डे | अ.न.मी. |
| ३२ | मसिना नेपाली | अ.न.मी. |
| ३३ | वासना जि.एम. | अ.न.मी. |
| ३४ | उमा गौतम | अ.न.मी. |
| ३५ | अमृता थापा | अ.न.मी. |
| ३६ | रेखा नेपाली | अ.न.मी. |
| ३७ | सावित्रा जि.सी. | अ.न.मी. |
| ३८ | अस्मिता पोख्रेल | अ.न.मी. |
| ३९ | यसोदा पौडेल | अ.न.मी. |
| ४० | सिर्जना जि.सी. | अ.न.मी. |
| ४१ | दोमती सुनार | अ.न.मी. |
| ४२ | जमुना पुन (विष्ट) | अ.न.मी. |
| ४३ | बलराम थापा | अ.हे.व. |
| ४४ | सरिता रावत | अ.हे.व. |
| ४५ | शान्ता जि.सी. | अ.हे.व. |
| ४६ | भृकुटी थापा | अ.हे.व. |

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CS CamScanner

| | | |
|---|---|---|
| ४७ | ज्ञानमाया नेपाली | अ.हे.व. |
| ४८ | निलम शर्मा | अ.हे.व. |
| ४९ | जानका जि.एम. | ल्याब असिष्टेन्ट |
| ५० | वामदेव के.सी. | ल्याब असिष्टेन्ट |
| ५१ | लछिराम घर्ति | खोप कार्यकर्ता |
| ५२ | सिर्जना श्रेष्ठ | ल्याब असिष्टेन्ट/ स. चौथो |
| ५३ | विकास नेपाली | ना.प.शे.प्रा. |
| ५४ | ध्रुव के.सी. | ह.स.चा. |
| ५५ | दल वहादुर के.सी. | हे.स.चा. /टिप्पर |
| ५६ | सिताराम के.सी. | हे.स.चा./दमकल |
| ५७ | विर वहादुर खत्री | एम्बुलेन्स चालक |
| ५८ | टंकेश्वर धामी | फायरम्यान |
| ५९ | शोरण गिरी | का.स. |
| ६० | राधिका खनाल | का.स. |
| ६१ | शिव वहादुर के.एम. | का.स. |
| ६२ | सरस्वती वस्नेत | का.स. |
| ६३ | पुर्ण वहादुर खत्री | का.स. |
| ६४ | नारायण खनाल | का.स. |
| ६५ | भक्त वहादुर पुन | का.स. |
| ६६ | ओविराम वुढा मगर | का.स. |
| ६७ | दान प्रसाद श्रेष्ठ | का.स. |
| ६८ | पुर्णिमा दशौती | का.स. |
| ६९ | अमर कार्की | का.स. |
| ७० | गणेश विष्ट क्षेत्री | का.स. |
| ७१ | बसन्त के.सी. | का.स. |
| ७२ | शिवा पोख्रेल | का.स. |
| ७३ | सरस्वता गिरी | का.स. |
| ७४ | दल वहादुर वि.क. | का.स. |
| ७५ | कमला नेपाली | का.स. |
| ७६ | हेमन्त वहादुर वली | का.स. |
| ७७ | मुना थापा | का.स. |

प्युठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CamScanner

| | | |
|---|---|---|
| ७८ | सुजा रोका क्षेत्री | का.स. |
| ७९ | गिता थापा | का.स. |
| ८० | जवुना आचार्य के.सीं | का.स. |
| ८१ | सकुन्तला धामी | का.स. |
| ८२ | भिमसरी जि.एम. | का.स. |
| ८३ | सुरेन्द्र मरिक डोम | स्वीपर |
| ८४ | विरेन्द्र मरिक डोम | स्वीपर |
| ८५ | जितेन्द्र मरिक डोम | स्वीपर |
| ८६ | रिता कुवर | माली |

**२)आन्तरिक नियन्त्रण प्रणालीका सम्वन्धमा :**

प्यूठान नगरकार्यपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी आ.व. २०८१।०८२ भित्र लागु गरिनेछ।उक्त कार्यविधि तर्जुमा भएपश्चात सोही बमोजिम हुने गरी हाल यस प्यूठान नगरपालिकाको स्वामित्वमा रहेका गाडीहरु र अन्य सवारी साधनहरुलाई मात्र कार्यचाप र फिल्डको काम हेरी मोटरसाईकल र स्कुटरको हकमा मासिक रुपमा ५-१० लिटर ईन्धन उपलव्ध गराउने तथा मर्मत सम्भार गर्ने व्यवस्था मिलाउने। नगरपालिकाको स्वामित्व वाहेकका अन्य निजी सवारी साधनलाई ईन्धन तथा मर्मत गर्न नगरपालिकाको बजेट खर्च उपलव्ध नगराउने ।

**३) रकमान्तर तथा बजेट थप सम्वन्धमा**

प्यूठान नगरपालिकाको आ.व. २०८०।८१ को बार्षिक बजेट तथा कार्यक्रममा रकमान्तर तथा कार्यक्रम थप सम्वन्धमा देहाय वमोजिम गर्ने ।

| क.स. | साविक योजना | क.स. | संसोधन हुनुपर्ने |
|---|---|---|---|
| १ | प्यूठान नगरपालिका वडा नं ४ को खानेपानी तर्फ विनियोजित रु ५ लाखमा बचत भएको रकम रु २ लाख ५० हजार | १ | टाकुरा पाखाडेरा खमल्दी खानेपानी आयोजनामा थप गर्ने रु २ लाख ५० हजार। |
| २ | विजयनगर प्रवेश गेट रु ५ लाख | १. | पाईप खरिद -रु २ लाख |
| | | २. | मेथीखोला शवदाह स्थल निर्माण -रु ३ लाख |
| ३ | सिलाई कटाई दलित बुटिक डल झोला होजियारी तालिम-रु २ लाख | १ | अड्डापाटा देखि ददेरीखोला सम्म जोड्ने मोटरबाटो मर्मत-रु २ लाख |
| ४ | यूवा कृषक लक्षित कार्यक्रम -रु ६.५ लाख | १ | प्यूठान नगरपालिका विपद कोष -रु २९ लाख २० हजार |
| ५ | बजारीकरणमा आधारित अनुदान-बाँकी रु १० लाख | | |
| ६ | विपद सम्वन्धी अन्तरपालिका समन्वय सिकाई अध्ययन अवलोकन-रु ३ लाख | | |
| ७ | चकिवाङ खानेपानी -रु २.५ लाख | | |

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ८ | बाह्रकुलो सिंचाई -रु २ लाख | | प्यूठान नगरपालिका विपद कोष -रु २१ लाख २० हजार |
| ९ | आँपखोला खानेपानी आयोजना -रु १ लाख | | |
| १० | बालमैत्री वडा घोषणा तयारी कार्यक्रम -रु ४लाख २० हजार | | |
| ११ | प्यूठान नगरपालिका वडा नं. ०९ को वडा भित्रका चुँदरी खोलामा फड्के निर्माण रु १ लाख ५० हजार विनियोजन भएकोमा उक्त रकम अपुग भएकोले ।<br>कन्टिन्जेन्सी ८० हजार थप गर्ने | १ | प्यूठान नगरपालिका वडा नं. ०९ को वडा भित्रका चुँदरी खोलामा फड्के निर्माण २३०००० |
| १२ | कन्टिजेन्सी शिर्षकबाट रु ५ लाख बयालिस हजार आठ सय सन्ताउन्न रुपैया । | १ | बेलुवा देखि खैरा जोड्ने पक्की पुल पहुँच मार्ग निर्माण तथा बाइसल टोलमा खोल्सा व्यवस्थापन |

**४)अपुग तलवभत्ता थप गर्ने सम्वन्धमा ।**

प्यूठान नगरपालिकाको कार्यालयमा उद्यम विकास सहजकर्ताको रुपमा कार्यरत कर्मचारीहरु र पोषण कार्यक्रम अर्न्तगत कार्यरत सामाजिक परिचालकको संघीय कार्यक्रम अन्तर्गत आएको तलवभत्ता रकममा अपुग हुने रकम जति नगरपालिकाले थप गर्ने ।

**५)विधेयक तथा कार्यपालिकाबाट आएका कार्यविधि, निर्देशिकाहरुलाई अनुमोदन सम्वन्धमा ।**

प्यूठान नगरपालिकाको कार्यपालिका बैठकले पारित गरेको तपशिल बमोजिमका कार्यविधि निर्देशिकाहरुलाई अनुमोदन गर्ने-

१)पर्यटकीय स्थल,पार्क, सांस्कृतिक सम्पदाहरुको व्यवस्थापन निर्देशिका, २०८१- मिति २०८१।०३।०९ को कार्यपालिका बैठकबाट पारित ।

२)प्यूठान नगरपालिकाको कानुन तर्जुमा सम्वन्धी कार्यविधि, २०८१ - मिति २०८१।०३।०९ को कार्यपालिका बैठकबाट पारित ।

३)गैर सरकारी (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१ - मिति २०८१।०३।०९ को कार्यपालिका बैठकबाट पारित ।

४) कन्टिजेन्सी (आकस्मिक) रकम खर्च गर्ने सम्बन्धि निर्देशिका, २०८१ - मिति २०८१।०३।०९ को कार्यपालिका बैठकबाट पारित ।

**६) आर्थिक बर्ष २०८०।८१ मा भएका निर्णयहरु अनुमोदन सम्वन्धमा ।**

प्यूठान नगरपालिकाको विषयगत शाखाहरु, विषयगत समितिहरु र कार्यपालिकाले आर्थिक बर्ष २०८०।८१ मा गरेका सम्पुर्ण निर्णयहरु अनुमोदन गर्ने ।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CS CamScanner

**प्यूठान नगरपालिका**

**सत्रौं नगर सभा**

**सभाध्यक्षज्यूको रुलिङ**

पहिलो बैठक

<u>मितिः- २०८१/०३/१०</u>

नगर सभा सदस्यज्यूहरु

<u>प्यूठान नगरपालिकाको सत्रौं नगरसभाको पहिलो बैठक शुभारम्भ भएको घोषणा गर्दछु ।</u>

नगर सभाका सदस्यज्यूहरु,

प्यूठान नगरपालिकाको सत्रौं नगरसभाको यो अवसरमा शहीदहरुको सम्झनामा १ मिनेट मौन धारण गर्न आह्वान गर्दछु ।

नगर सभाका सदस्यज्यूहरु,

अब म,

प्यूठान नगरपालिकाको सत्रौं नगरसभाको पहिलो बैठकको कार्यसूची प्रस्तुत गर्दछु ।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CamScanner

अनुसुची-१
(कार्यविधीको दफा ७ को उपदफा (१) संग सम्बन्धित)
प्यूठान नगरपालिका
नगर सभा
**कार्य सूचि र समय तालिका**

**बैठक संख्या-१**

**बैठक स्थानः- प्यूठान नगरपालीकाको कार्यलय केन्द्रको सभाहल विजुवार,प्यूठान ।**

**अध्यक्षताः- विष्णु बहादुर योगी** (नगर प्रमुख)

| मिति | समय | कार्यसूची | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| ८१/०३/१० | ११:१५ | अध्यक्षता, शुभारम्भ,शहिदहरु प्रति मौन धारण र कार्यसूची प्रस्तुत | सभाध्यक्ष | |
| ८१/०३/१० | ११:३० | नीति तथा कार्यक्रम पेश | सभाध्यक्ष | |
| ८१/०३/१० | १२:०० | नीति तथा कार्यक्रम उपर धारणा पेश | सभाका सदस्यहरु | |
| ८१/०३/१० | १२:१५ | नीति तथा कार्यक्रम निर्णयार्थ पेश | सभाध्यक्ष | |
| ८१/०३/१० | १२:३० | आर्थिक ऐन सभामा पेश | नगर उप प्रमुख | |
| ८१/०३/१० | ०१:०० | आर्थिक ऐन उपर धारणा पेश | नगर उप प्रमुख | |
| ८१/०३/१० | ०१:३० | आर्थिक ऐन पारितका लागि निर्णयार्थ पेश र पारित | सभाध्यक्ष | |
| ८१/०३/१० | ०१:४५ | नगरसभाका विविध निर्णय सभामा पेश | सुशासन तथा संस्थागत क्षमता विकास समिति संयोजक | |
| ८१/०३/१० | ०२:०० | नगरसभाका विविध निर्णयहरु अनुमोदनका लागि पेश | सभाध्यक्ष | |
| ८१/०३/१० | ०१:४५ | बजेट तथा कार्यक्रम सभामा पेश | नगर उप प्रमुख | |
| ८१/०३/१० | ०२:०० | दोश्रो बैठकको मिति तोकी बैठक समापन | सभाध्यक्ष | |

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

अब म

यस नगर सभामा प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम सभा समक्ष पेश गर्न चाहान्छु।

अब म,

नगर सभाका सदस्यहरुलाई पेश भएको प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम उपर आफ्नो धारणा राख्ने समय उपलब्ध गराउछु।

श्री ................................ समय ३ मिनेट

श्री ................................ समय ३ मिनेट

श्री ................................ समय ३ मिनेट

श्री ................................ समय ३ मिनेट

श्री ................................ समय ३ मिनेट

श्री ................................ समय ३ मिनेट

**नगर सभाका सदस्यज्यूहरु,**

अब म प्यूठान नगरपालिकाको पेश भएको प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम उपर उठेका प्रश्नहरुको जवाफ दिन चाहन्छु।

नगर सभाका सदस्यज्यूहरु,

अब म सभामा पेश भएको प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम लाई पारित गर्ने प्रस्ताव स्वीकृतिका लागि निर्णयार्थ पेश गर्दछु।

उक्त प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नुहोस।

उक्त प्रस्तावको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस।

प्रस्तावमा तटस्थ बस्ने सदस्यहरु **"तटस्थ"** बस्नुहोस।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CamScanner

प्यूठान नगरपालिकाको आ.व२०८१/०८२ को नीति तथा कार्यक्रम पारित गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा "हुन्न" भन्ने आवाज नसुनिएकोले / "हुन्छ" भन्ने आवाज बढि सुनिएकोले प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम सभाबाट सर्वसम्मतिले / बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

**नगर सभाका सदस्यज्यूहरु,**

अब म

यस नगर सभामा प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को आर्थिक ऐन सभामा पेश गर्न समय उपलब्ध गराउछु ।

उपप्रमुख श्री देवेन्द्र वर्मा

अब म,

नगर सभाका सदस्यहरुलाई पेश भएको प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को आर्थिक ऐन उपर आफ्नो धारणा राख्ने समय उपलब्ध गराउछु ।

श्री ............................... समय ३ मिनेट

श्री ............................... समय ३ मिनेट

**नगर सभाका सदस्यज्यूहरु,**

अब म प्यूठान नगरपालिकाको पेश भएको प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को आर्थिक ऐन उपर उठेका प्रश्नहरुको जवाफ दिन चाहन्छु ।

नगर सभाका सदस्यज्यूहरु,

अब म सभामा पेश भएको प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को आर्थिक ऐन लाई पारित गर्ने प्रस्ताव स्वीकृतिका लागि निर्णयार्थ पेश गर्दछु ।

उक्त प्रस्तावको पक्षमा हुने सदस्यहरुले "हुन्छ" भन्नुहोस ।

उक्त प्रस्तावको विपक्षमा हुने सदस्यहरुले "हुन्न" भन्नुहोस ।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

प्रस्तावमा तटस्थ बस्ने सदस्यहरु "तटस्थ" बस्नुहोस।

प्यूठान नगरपालिकाको आ.व२०८१/०८२ को आर्थिक ऐन पारित गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा "हुन्न" भन्ने आवाज नसुनिएकोले / "हुन्छ" भन्ने आबाज बढि सुनिएकोले प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को आर्थिक ऐन सभाबाट सर्वसम्मतिले / बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

अब म

यस नगर सभामा प्यूठान नगरपालिकाको १७ औ नगरसभाका विविध निर्णयहरु सभामा पेश गर्न अनुमति दिन चाहान्छु।

श्री विकास के.सी.

सुशासन तथा संस्थागत क्षमता विकास समिति संयोजक

अब म,

नगर सभाका सदस्यहरुलाई पेश भएको प्यूठान नगरपालिकाको १७ औं नगरसभाका विविध निर्णयहरु उपर आफ्नो धारणा राख्ने समय उपलब्ध गराउछु।

श्री ................................ समय ३ मिनेट

श्री ................................ समय ३ मिनेट

श्री ................................ समय ३ मिनेट

श्री ................................ समय ३ मिनेट

श्री ................................ समय ३ मिनेट

श्री ................................ समय ३ मिनेट

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

**नगर सभाका सदस्यज्यूहरु,**

अब म प्यूठान नगरपालिकाको पेश भएको प्यूठान नगरपालिकाको १७ औं नगरसभाका विविध निर्णयहरु उपर उठेका प्रश्नहरुको जवाफ दिन चाहन्छु ।

नगर सभाका सदस्यज्यूहरु,

अब म सभामा पेश भएको प्यूठान नगरपालिकाको १७ औं नगरसभाका विविध निर्णयहरु लाई पारित गर्ने प्रस्ताव स्वीकृतिका लागि निर्णयार्थ पेश गर्दछु ।

उक्त प्रस्तावको पक्षमा हुने सदस्यहरुले "हुन्छ" भन्नुहोस ।

उक्त प्रस्तावको विपक्षमा हुने सदस्यहरुले "हुन्न" भन्नुहोस ।

प्रस्तावमा तटस्थ बस्ने सदस्यहरु "तटस्थ" बस्नुहोस ।

प्यूठान नगरपालिकाको आ.व२०८१/०८२ को नीति तथा कार्यक्रम पारित गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा "हुन्न" भन्ने आवाज नसुनिएकोले / "हुन्छ" भन्ने आबाज बढि सुनिएकोले प्यूठान नगरपालिकाको १७ औ नगरसभाका विविध निर्णयहरु सभाबाट सर्वसम्मतिले / बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

अब म,

आ.व. २०८१/०८२ को बार्षिक कार्यक्रम तथा बजेट सभामा पेश गर्न समय उपलब्ध गराउछु ।

उपप्रमुख श्री देवेन्द्र वर्मा

**नगर सभाका सदस्यज्यूहरु,**

अब म,सभामा पेश भएको आ.व. २०८१/०८२ को बार्षिक कार्यक्रम तथा बजेट अध्ययन प्रयोजनका लागि सम्पूर्ण नगरसभा सदस्यहरुलाई उपलब्ध गराउने व्यवस्थाको लागि सचिवज्यूलाई अनुरोध गर्न चाहन्छु ।

**नगर सभाका सदस्यज्यूहरु,**

अब म बजेट तथा कार्यक्रम अध्ययन पश्चात छलफल तथा पारित गर्ने प्रयोजनार्थ नगरसभाको दोस्रो बैठक २०८१/०३/३० मा बस्ने गरी नगरसभाको पहिलो बैठक अन्त्य भएको घोषणा गर्दछू ।

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CamScanner